"स्वच्छ, निष्पक्ष र प्रतिस्पर्धात्मक छनौट, लोक सेवा आयोगको दृढ अठोट"
"निजामती सेवाको सपना, समृद्ध नेपालको रचना"

# लोक सेवा आयोग
# समाचार पत्र

www.psc.gov.np

A Trimester Newsletter of Public Service Commission, Nepal

वर्ष - ७ | अंक - ३ | पूर्णाङ्क - २३ | माघ – चैत्र २०७३




*(आयोगको मध्य पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेतको नवनिर्मित परीक्षा भवन उद्घाटन गर्नुहुदै आयोगका माननीय अध्यक्ष उमेशप्रसाद मैनाली)*

## समावेश भएका विषयवस्तुहरू


- **लोक सेवा आयोग र सचिवालयबीच अन्तरक्रिया सम्पन्न**
- **आयोगको मध्य पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेतको परीक्षा भवन उद्घाटन**
- **आयोगका महत्वपूर्ण निर्णयहरु**
- **आयोगमा/आयोगबाट कर्मचारीहरुको सरुवा/काज/पदस्थापना/अवकाश तथा राजीनामा सम्बन्धी विवरण**
- **भौतिक कार्य सम्बन्धी प्रगती विवरण**
- **समवेदना**
- **आर्थिक वर्ष २०७३/७४ को दोस्रो त्रैमासिक अवधिको कार्यसम्पादन स्थिति** (२०७३ माघ–चैत मसान्तसम्म)
- **अन्तर्वार्ता** (आयोग र यसका कार्यप्रक्रिया सम्बन्धमा)
  (क) नेपाल न्याय सेवा, न्याय समूहका सहसचिव श्री अच्युत कुइँकेल
  (ख) नेपाल कृषि सेवा, एग्री. इको. मार्केटिङ्ग एण्ड स्टाटिस्टिक्स समूहका सहसचिव श्री जानुका पण्डित
- **सूचनामूलक लेख**
- **सूचनाको हक सम्बन्धी ऐन, नियमावली अनुसार सार्वजनिक गर्नुपर्ने विवरण**
- **लोक सेवा आयोग अन्तर्गत निकायहरुका सूचना अधिकारीहरुको विवरण**
- **सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ बमोजिम आयोग र मातहतका निकायहरुबाट सूचना माग र फछ्र्यौट सम्बन्धी विवरण**
- **वार्षिक कार्यतालिका** (आ.व. २०७३/७४ को पदपूर्ति सम्बन्धी)
  (क) निजामती सेवातर्फ राजपत्रांकित तथा राजपत्र अनंकित श्रेणी/तहका पदहरुको वार्षिक कार्यतालिका-१
  (ख) सुरक्षा निकायहरु तथा संगठित संस्थाहरुतर्फका विभिन्न श्रेणी/तहका पदहरुको वार्षिक कार्यतालिका-२


सम्पादक मण्डल : लक्ष्मीविलास कोइराला, अध्यक्ष (सहसचिव) | गीता कुमारी होमेगाई, सदस्य (उपसचिव) | नारायण प्रसाद पोखरेल, सदस्य-सचिव (शाखा अधिकृत)

# सम्पादकीय

## आयोगको आफ्नै परीक्षा भवन र यसको आवश्यकता

लोक सेवा आयोगको केन्द्रीय कार्यालय, पाँच वटा विकास क्षेत्रहरुमा क्षेत्रीय निर्देशनालयहरु र क्षेत्रीय निर्देशनालयहरु रहेका अञ्चल बाहेकका नौ वटा अञ्चलहरुमा अञ्चल कार्यालयहरु रहेका छन् । आयोगका कार्यालयहरु रहेका सबै स्थानहरुमा आफ्नै स्वामीत्वमा जग्गा र भवन समेत रहेको छ ।

मध्य पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेतमा परीक्षा भवन निर्माण सम्पन्न भई संचालनमा समेत आइसकेको छ भने सुदूर-पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायल, पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा, पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा तथा केही अञ्चल कार्यालयहरुमा समेत परीक्षा भवन निर्माण कार्य सुचारु रहेको छ ।

नेपालको संविधानमा भएको व्यवस्था बमोजिम कार्यक्षेत्रमा विस्तारसँगै आयोगको दायित्व र जिम्मेवारी थप भएको छ । निजामती लगायत सुरक्षा निकाय तथा संगठित संस्थाहरुको समेत कर्मचारी पदपूर्तिको लागि आयोगले लिखित परीक्षा संचालन गर्ने गर्दछ । आयोगप्रतिको विश्वसनियता र सरकारी सेवामा सेवा प्रवेशका लागि बढ्दो आकर्षण सँगै आयोगबाट संचालन हुने परीक्षामा दिन प्रतिदिन उम्मेदवारको संख्या बढीरहेको छ । परीक्षार्थीहरुको बढ्दो संख्या सँगै लिखित परीक्षा संचालनका लागि विभिन्न सरकारी तथा निजी विद्यालय, क्याम्पस र संघ संस्थाहरुका हलहरु प्रयोग गर्दै आइरहनुपर्ने बाध्यात्मक अवस्थामा आयोगको आफ्नै परीक्षा भवन हुँदा एक निश्चीत संख्या सम्मका उम्मेदवारहरुको परीक्षा आफ्नै भवनमा गराउन सकिने र यसले श्रम, समय र लागतको बचत हुन सक्नेमा विश्वस्त हुन सकिन्छ ।

# लोक सेवा आयोग र सचिवालयबीच अन्तरक्रिया सम्पन्न

मिति २०७१/१२/११ मा गठन भएको वर्तमान आयोगको दुई वर्षको कार्यकाल व्यतित भएको अवसरका लोक सेवा आयोग र आयोगको सचिवालयबीच मिति २०७३ चैत्र १३ र १४ गते अन्तरक्रिया कार्यक्रम सञ्चालन गरियो । उक्त कार्यक्रममा आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनाली, माननीय सदस्यहरु श्री बिन्द्रा हाडा (भट्टराई), श्री श्रीपुरुष ढकाल, श्री अशोक कुमार झा, श्री व्रहमदेव राय र श्री कृष्णचन्द्र झाको उपस्थिति रहेको थियो । सचिवालयको तर्फबाट आयोगका सचिव श्री मधुप्रसाद रेग्मी, महाशाखा प्रमुखहरु, मध्यमाञ्चल र पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालयका क्षेत्रीय निर्देशकहरु, शाखा प्रमुखहरु लगायतको उपस्थिति रहेको थियो ।

वर्तमान आयोग गठन भएको दुईवर्षे कार्यकालमा के-कस्ता कार्यप्रगतिहरु भए सोको समीक्षा गर्नु, तिनमा नीहित सबल र कमजोर पक्षहरुबाट अनुभव लिई आगामी समयको कार्यदिशा तय गर्नु, आयोग र सचिवालयको सह-सम्बन्ध र समन्वय कायम गर्ने लगायतका विषयहरुमा छलफल गरी कार्यसम्पादनमा विशिष्टता हासिल गर्नु उक्त अन्तरक्रिया कार्यक्रमको उद्देश्य रहेको थियो ।

आयोगबाट दरखास्त संकलन गर्ने क्रममा अनलाइन पद्धतीको अवलम्बन, वस्तुगत उत्तरपुस्तिका परीक्षणका लागि Optical Mark Reader मेशिनको प्रयोग र यसलाई क्षेत्रीय निर्देशनालयहरुमा समेत पठाइएको, राजपत्राङ्कित प्रथम श्रेणी सहसचिव वा सो सरह (अप्राविधिक), पदहरुको पाठ्यक्रम परिवर्तन सहसचिव वा सो सरह पदहरुको उत्तरपुस्तिका आयोगमै बसेर विज्ञहरुद्वारा परीक्षण गराउने, दोहोरो परीक्षण गराउने कार्यहरु भएको, परीक्षामा दुर्गमका उम्मेदवारलाई सहज पहुच होस् भन्ने उद्देश्यले हुम्ला, डोल्पा, लाहान र विरगंजमा पनि राजपत्र अनंकित श्रेणीका पदहरुको परीक्षा सञ्चालन गर्ने गरिएको, आयोगको वेवसाइटलाई नयाँ स्वरुपमा परिमार्जन गरिएको, आयोगका काम कारवाही सोध र अनुसन्धान केन्द्रित गर्ने उदेश्यले केहि जनशक्तिहरुको थप दरबन्दी सही छुट्टै अनुसन्धान तथा विकास शाखा खडा गरिएको लगायतका आयोगले आफ्नो दुईवर्षे कार्यकालमा आयोगका कार्यप्रणालीमा गरेका सुधारात्मक पक्षहरुको छलफल गरिएको थियो ।



(आयोगका पदाधिकारी र सचिवालयबीच आयोजित अन्तरक्रिया कार्यक्रमका सहभागीहरु)

कार्यक्रममा महाशाखा प्रमुख, क्षेत्रीय निर्देशकहरु, शाखा प्रमुखहरुले आ-आफूले गरेका कार्यहरु, कार्य सम्पादनका क्रममा देखा परेका असहज र कठिन परिस्थितिहरु, सुधार गर्नुपर्ने क्षेत्रहरु लगायतका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो । आयोगबाट दरखास्त संकलनको क्रममा अवलम्बन गरेको अनलाइन प्रविधि, उत्तरपुस्तिका परीक्षणमा प्रयोग गरेको Optical Mark Reader मेशिनका कारण देखा परेका नयाँ चुनौति तथा समस्याहरु लगायत सूचना प्रविधिको क्षेत्रमा रहेका समस्याहरु र तिनका समाधानका लागि आगामी समयमा गर्नुपर्ने सुधारका बारेमा छलफल गरियो । यसको साथै सम्बन्धित निकायहरुबाट रिक्त पदहरुको माग समयमा प्राप्त नहुने, सम्पूर्ण विवरण नखुलाई माग गर्ने, फरक पद माग गर्ने, माग भएका पदहरु विज्ञापन भए पश्चात थप घटको लागि लेखि पठाउने, विभिन्न पदका लागि तय गरिएका शैक्षिक योग्यता समय सापेक्ष नरहेका, पाठ्यक्रमहरुलाई समय सापेक्ष अध्यावधिक गर्नुपर्ने, बढ्दो दरखास्तलाई व्यवस्थित गर्नुपर्ने विषयहरु सचिवालयबाट प्रस्तुत गरिएको थियो । संविधान प्रदत्त कार्यका रुपमा आयोगले सम्पादन गर्दै आएका सुरक्षा निकायहरु तथा संगठित संस्थाहरुको पदपूर्तिका क्रममा देखा परेका पदपूर्तिका आधार, सिद्धान्त, कार्यप्रक्रिया, जनशक्तिका प्रकारमा विद्यमान विविधता, पाठ्यक्रम शैक्षिक योग्यता जस्ता विषयमा रहेका जटिलताबाट देखापरेका कठिनाई, परीक्षा सञ्चालनका लागि समयमा बजेट प्राप्त नहुने एवं उक्त कार्यहरु समेत सम्पन्न गर्नका लागि आयोगमा कर्मचारीहरु न्यून रहेका समस्याहरु प्रस्तुत गरिएको थियो भने आयोगको संस्थागत र कर्मचारीगत क्षमता अभिबृद्धि गर्नुपर्ने आवश्यकता माथि समेत छलफल गरियो । सचिवालयले प्रस्तुत गरेका विषयहरुमा आयोगका माननीय अध्यक्ष श्री उमेश प्रसाद मैनालीले सम्बोधन गर्नु भएको थियो ।

## आयोगको मध्य पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेतको परीक्षा भवन उद्घाटन

लोक सेवा आयोग, मध्य पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेतको परीक्षा भवन निर्माण कार्य सम्पन्न भएको छ । आर्थिक वर्ष २०६८/६९ देखि निर्माण कार्य सुरु भएको उक्त भवन १६ कोठाको २.५ तले रहेको छ । ३०० जना परीक्षार्थीको परीक्षा लिन सकिने उक्त भवन निर्माणको लागत रु २ करोड ५३ लाख ९९ सय हजार ५ सय ३० रहेको थियो । उक्त भवन निर्माणको लागि मिति २०६८/३/२४ मा जी.एम. कन्स्ट्रक्सन प्रा.लि. गोङगबु, काठमाडौंसँग मिति २०६९/६/२३ मा कार्य सम्पन्न गर्नुपर्ने गरी ठेक्का सम्झौता गरिएको थियो । तर उक्त ठेकेदार कम्पनिले समयमा कार्य सुरु तथा सम्पन्न नगरेको कारण २०७२/५/२४ मा ठेक्का तोडी २०७२/११/२ मा ३ वर्षका लागि कुनै निर्माण कार्य गर्न नपाउने गरी कालो सूचीमा राखिएको थियो । मिति २०७३/३/२४ मा उक्त कम्पनीको रु ११ लाख ७१ हजार ३ सय १८ पैसा ६७ धरौटी जफत गरी सदरस्याहा समेत गरिएको थियो । पछि २०७२/१२/१५ मा ठेकेदार जि.टि.द काली सिद्धी जे.भि.सँग सम्झौता गरी वि.सं. २०७२/१२/१५ बाट कार्य सुरु गर्ने र २०७३/१२/१४ मा कार्य सम्पन्न गर्ने गरी ठेक्का भएकोमा २०७३ माघमा उक्त निर्माण कार्य सम्पन्न भएको थियो ।

उक्त भवनको शिलान्यास आयोगका माननीय अध्यक्ष उमेश प्रसाद मैनालीबाट मिति २०७३ माघ १९ गते बसन्तपञ्चमीका दिन भएको थियो । भवनको शिलान्यास कार्यक्रममा आयोगका सचिव श्री मधुप्रसाद रेग्मी, आयोगका पूर्वसदस्य प्रा.डा.श्री कृष्ण पोखरेल, सामान्य प्रशासन मन्त्रालयका सचिव श्री पूर्णचन्द्र भट्टराई, मध्य पश्चिमाञ्चल विकास क्षेत्रका क्षेत्रीय प्रशासक श्री बेगेन्द्रराज शर्मा पौड्याल, पूर्वसचिव श्री प्रताप कुमार पाठक लगायतको उपस्थिती रहेको थियो । उक्त परीक्षा भवन सञ्चालनमा आए पश्चात आयोगबाट सञ्चालन गरिने थोरै परीक्षार्थीहरु भएको परीक्षाका लागि समेत विद्यालय तथा क्याम्पसहरुमा भरपर्नु पर्ने अवस्था रहदैन ।




*(आयोगको मध्य पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेतको परीक्षा भवन उद्घाटन कार्यक्रममा आफ्ना भनाईहरु राख्दै निर्देशक श्री प्रेम प्रसाद पौडेल)*

# आयोगका महत्वपूर्ण निर्णयहरु

१. सामान्य प्रशासन मन्त्रालयबाट निजामती सेवा (पाँचौं संशोधन) विधेयक, २०७३ को प्रस्तावित मस्यौदामा परामर्श माग भई आएकोमा "नेपालको संविधानको धारा ३०२ बमोजिम कर्मचारीहरुको समायोजन गर्न र धारा २८५ बमोजिम संघीय निजामती सेवा र आवश्यकतानुसार अन्य संघीय सरकारी सेवा गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धी कानून निर्माण गर्ने बाहेक अहिलेकै मौजुदा ऐनलाई संशोधन गर्न संविधानको मनसाय रहेको देखिँदैन । यसका अतिरिक्त धारा १०९ मा संघीय संसदको व्यवस्थापकीय अधिकारको व्यवस्था गर्दा अनुसूची-५, अनुसूची-७, र अनुसूची-९ को सूचीमा उल्लेख भएका विषय संघीय संसदको क्षेत्राधिकार हुने स्पष्ट उल्लेख भएको छ । अनुसूची-५ मा संघीय निजामती सेवा, न्याय सेवा र अन्य सरकारी सेवाको उल्लेख भएबाट विद्यमान निजामती सेवा ऐन लगायत अन्य सरकारी सेवासँग सम्बन्धित ऐनमा संशोधन गर्न उपयुक्त नदेखिएकाले संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त समेट्ने गरी नयाँ ऐनको विधेयक मस्यौदा तयार पारी परामर्शका लागि पठाउने" गरी मिति २०७३/६/१० मा निर्णय भएको ।

२. सामान्य प्रशासन मन्त्रालयबाट कर्मचारी समायोजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रस्तावित मस्यौदामा परामर्श माग भई आएकोमा देहाय बमोजिम परामर्श प्रदान गर्ने गरी मिति २०७३/१०/६ मा निर्णय भएको :-

(क) प्रस्तावित विधेयकको दफा ५ को उपदफा (४) मा "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिमको म्याद भित्र हाजिर नहुने कर्मचारीलाई नेपाल सरकारले अवकाश दिने छ । " भन्ने प्राबधान राख्दा प्राकृतिक न्यायको सिद्धान्त विपरित र नेपालको संविधानको धारा २४३ को उपधारा ६ को खण्ड (ख) को व्यवस्था प्रतिकूल हुन जान्छ । तसर्थ सेवाबाट अवकाश दिने जस्तो विशेष सजाय दिनु अघि स्पष्टिकरण र सफाई दिने मौका दिनु पर्ने र लोक सेवा आयोगको परामर्श लिनुपर्ने प्रावधान राख्ने ।

(ख) प्रस्तावित विधेयकको दफा ६ को उपदफा (१) मा रहेको "सामान्यतया" भन्ने शब्द हटाउने । उक्त दफामा उल्लेखित आधारहरुमा देहाय (क) लाई (ङ) को स्थानमा राखी अरुको क्रम यथावत राखी मिलाउने ।

(ग) प्रस्तावित विधेयकको दफा ७ को समन्वय समितिलाई समायोजन हुने कर्मचारी (रा.प.द्वितीय श्रेणीसम्म) को उजुरी सुन्ने अधिकार समेत थप गर्ने ।

३. अप्राविधिकतर्फ नेपाल प्रशासन सेवा, रा.प.प्रथम श्रेणी, सहसचिव वा सो सरह पदको लागि मिति २०७३/५/१९ एवं न्याय, परराष्ट्र, लेखापरीक्षण र व्यवस्थापिका संसद सेवाका रा.प.प्रथम श्रेणी, सहसचिव वा सो सरह पदको लागि मिति २०७३/६/१७ मा नयाँ परीक्षा योजना (Examination Scheme) र सो बमोजिमको पाठ्यक्रम आयोगबाट स्वीकृत भई सोही बमोजिम प्रथम चरणको लिखित परीक्षा समेत सम्पन्न भएको र उल्लेखित पदहरुको द्वितीय चरणमा लिइने कौशल/गुणमापक परीक्षण (Competency Test) को परीक्षा सञ्चालन विधि तयार गर्न बाँकी भएकोमा सम्बन्धित क्षेत्रका दक्ष/विशेषज्ञहरुलाई आमन्त्रण गरी विभिन्न चरणको छलफल बैठकबाट कौशल/गुणमापक परीक्षण (Competency Test) को परीक्षा सञ्चालन विधि र नमुना प्रश्नको मस्यौदा तयार गरी द्वितीय चरणको परीक्षा लिने सम्बन्धमा सम्बन्धित विषयका दक्ष/विज्ञहरुद्वारा तयार गरिएको मस्यौदाका उपर मिति २०७३/१०/१० मा देहाय बमोजिम निर्णय भएको :-

(क) अप्राविधिकतर्फ रा.प.प्रथम श्रेणी, सहसचिव वा सो सरहको खुला र अन्तरिक प्रतियोगितात्मक परीक्षाको द्वितीय चरणमा लिइने कौशल/गुणमापक परीक्षण (Competency Test) को परीक्षा संचालन विधि र नमुना प्रश्न मिति २०७३/१०/१० देखि लागू हुने गरी स्वीकृत गर्ने ।

**नोटः-** नेपाल परराष्ट्र सेवा, रा.प.प्रथम श्रेणी, सहसचिव वा सो सरह पदको खुला र आन्तरिक प्रतियोगितात्मक परीक्षाको द्वितीय चरणमा लिईने कौशल/गुणमापक परीक्षा (Competency Test) अन्तर्गत मामिला विश्लेषण अभ्यास (Case Analysis Excercise) र प्रस्तुतीकरण (Presentation) को माध्यम भाषा अंग्रेजी हुनेछ । मामिला विश्लेषण अभ्यास (Case Analysis Excercise) को प्रश्न निर्माण गर्दा पनि अंग्रेजी भाषामा तयार गर्नुपर्ने छ ।

(ख) कौशल/गुणमापक परीक्षण (Competency Test) को परीक्षा संचालन विधि देहाय बमोजिम व्यवस्था गरिएका छन्ः-

(१) मामिला विश्लेषण अभ्यस (Case Analysis Excercise)

- यस परीक्षणको लागि जम्मा २ घण्टा समय तोकिएको छ । तोकिएको समयभित्र मामिला विश्लेषण अभ्यासको लिखित र Individual Presentation को लागि Case Exercise Presentation मस्यौदा (Outlines) को तयारी गर्नु पर्नेछ ।
- मामिला विश्लेषण अभ्यासको लागि उत्तरपुस्तिका र उक्त मामिलाको Paper Presentation मस्यौदाका लागि Flip Chart वा Computer परीक्षार्थीको रोजाई अनुसार उपलब्ध गराउनु पर्नेछ ।
- २ घण्टा समय सम्पन्न भइसकेपछि मामिला विश्लेषण अभ्यासको उत्तरपुस्तिका र Flip Chart/Soft Copy दुवै परीक्षार्थीले बुझाउनु पर्नेछ ।
- मामिला विश्लेषण अभ्यासको उत्तरपुस्तिका र Flip Chart वा Soft Copy (Print गरेर Hard Copy समेत) लाई छुट्टाछुट्टै खाममा शिलबन्दी राख्नु पर्नेछ ।
- प्रत्येक उम्मेदवारको Case Exercise Presentation को मस्यौदा (Outlines) को Electronic Version वा Hand Writing Version लाई उम्मेदवारपिच्छे छुट्टाछुट्टै शिल गरी राख्नु पर्नेछ ।
- मामिला विश्लेषण अभ्यासको उत्तपुस्तिका प्रथम र द्वितीय कोड गराई प्रत्येक उत्तरपुस्तिका दुई जना विज्ञहरुबाट परीक्षण गराउनु पर्नेछ र दुई जना विज्ञबाट प्राप्त अंकको औषत निकाली उक्त औषत अंकलाई नै उम्मेदवारको प्राप्ताङ्मा गणना गरिनेछ ।
- नेपाल परराष्ट्र सेवाको मामिला विश्लेषण अभ्यास (Case Analysis Excercise) को माध्यम भाषा अंग्रेजी हुनेछ । यसको प्रश्न निर्माण गर्दा पनि अंग्रेजी भाषामा तयार गर्नुपर्नेछ ।

(२) प्रस्तुतीकरण (Presentation)

- Presentation को लागि उम्मेदवारले तयार गरेको मस्यौदा (Outlines) सामग्री प्रस्तुतीकरण गर्नु भन्दा आधा घण्टा अगावै उम्मेदवारलाई उपलब्ध गराउनु पर्नेछ । उक्त मस्यौदामा उम्मेदवारले केही थपघट गर्न पाउने छैन ।
- उक्त Presentation मस्यौदा (Outlines) को आधारमा प्रस्तुतीकरण गर्नु पर्नेछ ।
- Presentation को लागि कुनै पनि सन्दर्भ सामग्री उम्मेदवारले परीक्षा भवनमा लिएर आउन पाउने छैन ।

- आयोगका माननीय अध्यक्ष वा अध्यक्षले तोकेको आयोगका माननीय सदस्यको अध्यक्षतामा दुई जना मूल्यांकनकर्ता विशेषज्ञ सहित समितिमा तीन सदस्यीय मूल्याङ्कन समिति हुनेछ ।
- उम्मेदवारलाई दिईएको ४५ मिनेट समयमध्ये २० मिनेट प्रस्तुतीकरणका लागि र २५ मिनेट दक्षद्वारा सोधपुछका लागि हुनेछ ।
- नेपाल परराष्ट्र सेवाको लागि प्रस्तुतीकरण (Presentation) को माध्यम भाषा अंग्रेजी हुनेछ ।

४. निजामती सेवाका अप्राविधिक तथा प्राविधिक सेवातर्फका राजपत्र अनंकित द्वितीय श्रेणी, खरिदार वा सो सरह पदहरुको सेवा प्रवेशका लागि न्यूनतम शैक्षिक योग्यता एस.एल.सी. वा सो सरह उत्तीर्ण भएकोमा हाल प्रचलनमा रहेको एस.एल.सी. परीक्षा प्रणाली अन्तर्गत प्रदान गरिने ग्रेडिङ्ग (अक्षराङ्क) पद्धती अनुसार Grade Sheet मा G.P.A. 2 वा सो भन्दा माथि ग्रेड प्वाइन्ट प्राप्त गरेकालाई न्यूनतम शैक्षिक योग्यता मान्ने गरी मिति २०७३/१०/२७ मा निर्णय भएको ।

५. नेपाल वन सेवाका श्रेणी विहीन (वन रक्षक, गेम स्काउट र माउत) पदहरुको पदपूर्तिको लागि २०७३ फागुन महिनाको दोस्रो/तेस्रो हप्ताको बुधबार विज्ञापन प्रकाशन गर्ने गरी मिति २०७३/१०/२७ मा निर्णय भएको ।

६. लोक सेवा आयोगद्वारा सञ्चालित विभिन्न सेवा, समूह र पदको विभिन्न मितिमा सञ्चालित प्रतियोगितात्मक लिखित परीक्षामा तपसीलका परीक्षा केन्द्रबाट सम्मिलित भएका देहाय अनुसारका उम्मेदवारहरुले लोक सेवा आयोग ऐन, २०६६ र आयोगको (कार्यसंचालन) निर्देशिका, २०६७ अनुसार परीक्षामा अनियमितता गरेको पाइएकोले देहाय बमोजिम गर्ने गरी विभिन्न मितिहरुमा आयोगबाट निर्णय भएको ।

| क्र.सं. | विज्ञापन नं. | पद | रोल नं. | परीक्षा केन्द्र | उम्मेदवारको नाम/ठेगाना | बुबा/आमाको नाम | बाजेको नाम | परीक्षा मिति | अनियमित कार्यको विवरण | कारवाहीको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **निजामती सेवातर्फ (प्राविधिक)** | | | | | | | | | | **निर्णय मिति:- २०७३/१२/४** |
| १. | १००७७/१००८३/०७३-७४ | इञ्जिनियर | १३२१६३ | ग्यालेक्सी पब्लिक स्कुल (ख) | शंकर खत्री, त्रियुगा न.पा.-१, उदयपुर | नारायण बहादुर | सूर्य बहादुर | २०७३/११/२५ | दोश्रो पत्रको चारै वटा उत्तर पुस्तिका परीक्षा केन्द्र बाहिर लगेको | उक्त उम्मेदवारको परीक्षा रद्द गरी निजलाई उल्लेखित परीक्षामा अनियमितता गरेको मिति २०७३/११/२५ देखि लागू हुने गरी ३ (तीन) वर्षसम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| **निजामती सेवातर्फ (प्राविधिक)** | | | | | | | | | | **निर्णय मिति:- २०७३/१२/१६** |
| २. | १७८१-१७८४/०७३-७४ | कृषि बजार विज्ञ/योजना अधिकृत | १३००८० | विजय स्मारक उ.मा.वि. | विक्रम स्याङ्तान, मानिखेल-७, ललितपुर | राजमान | लाल बहादुर | २०७३/११/१० | द्वितीय पत्रको परीक्षामा खण्ड "ग" को उत्तरपुस्तिकामा खण्ड "घ" को उत्तर लेखेको र सो पाना च्याति खण्ड "घ" को उत्तर पुस्तिकामा संलग्न गर्न खोजेको | उक्त उम्मेदवारको परीक्षा रद्द गर्ने । |
| **निजामती सेवातर्फ (अप्राविधिक)** | | | | | | | | | | **निर्णय मिति:- २०७३/१२/६** |
| ३. | ११३०२-११३०८/०७३-७४ | नायब सुब्बा वा सो सरह | १३३७३६ | सेन्ट लरेन्स कलेज, चावहिल, (क) केन्द्र | चिरंजीवी कु. यादव, धनगढा-३, सर्लाही | सियाराम | निरन्जन | २०७३/११/२८ | Online System अनुसार प्राप्त स्वीकृत नामावलीमा निजको नाम नभइ गीता गुरुङ्गको नाम भएको तर निजले पेश गरेको प्रवेश पत्रमा रोल नं. १३३७३६ मा निजको नाम भएको | सूचना प्रविधि शाखाले छानविन गरी प्रतिवेदन प्राप्त भएपछि थप कारवाही अगाडी बढाउने । |
| ४. | | | १३४१४७ | रियलायन्स इन्टरनेशनल कलेज (क) केन्द्र | देवेन्द्रराज ढुंगाना कुमारी-९, नुवाकोट | मेदिनी प्रसाद | टिकाराम | | निजले मोवाइलबाट प्रश्नपत्रको फोटो खिचेको व्यहोरा परीक्षा केन्द्रमा खटिएका केन्द्राध्यक्ष सहित अन्य कर्मचारीबाट मुचुल्का प्राप्त भएको । | निजहरुको आ.व. २०७३/७४, रा.प.अनं प्रथम श्रेणी नायव सुब्बा वा सो सरह पदको परीक्षाको उत्तर पुस्तिका रद्द गर्ने । |
| ५. | | | १३४१९७ | | धिरेन्द्र ब.वम | दिल बहादुर | - | | निजले फिर्ता गर्नुपर्ने प्रश्नपत्र आफैसाथ लिइ गएको । | |
| ६. | १४२०२(१४२०७/०७३-७४ | | - | हिमाल एकेडेमी,दाङ | गोविन्द प्रसाद चन्द | - | - | | निजले फिर्ता गर्नुपर्ने प्रश्नपत्र आफैसाथ लिइ गएको र अर्को दिन ११/२९ गते बिहान ७:०० बजे आफै उपस्थित भई उक्त प्रश्नपत्र फिर्ता गरेको । | |

७. लोक सेवा आयोगको त्रिवर्षीय रणनीतिक कार्ययोजना तर्जुमा गर्न नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको विशेषज्ञ सेवा लिने र सो बापत उक्त प्रतिष्ठानलाई रु. ५,००,०००।- (पाँच लाख) भुक्तानी दिने मिति २०७३/१२/२१ मा निर्णय भएको ।

८. आयोगबाट विभिन्न मितिमा देहाय बमोजिमका सेवा, समूह र पदहरुको पाठ्यक्रम स्वीकृत भएको :

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह/उपसमूह | निर्णय मिति | पाठ्यक्रम लागू हुने मिति |
|---|---|---|---|---|---|---|
| १. | गेम स्काउट | श्रेणी विहीन | नेपाल वन | नेशनल पार्कस् एण्ड वाइल्ड लाइफ | २०७३/१०/२४ | २०७३/१०/२४ |
| २. | वन रक्षक | श्रेणी विहीन | नेपाल वन | जनरल फरेष्ट्री | २०७३/१०/२४ | २०७३/१०/२४ |
| ३. | शा.अ.(हात्तिसार) | रा.प.तृतीय | नेपाल वन | हात्तिसार | २०७३/११/१९ | २०७३/११/१९ |
| ४. | शा.अ.प्राविधिक | रा.प.तृतीय | नेपाल शिक्षा | परीक्षण तथा मूल्यांकन/शैक्षिक परीक्षण तथा मूल्यांकन | २०७३/११/१९ | २०७३/११/१९ |
| ५. | कन्सल्टेण्ट शालक्य चिकित्सक | नवौं तह | नेपाल स्वास्थ्य | स्वास्थ्य आयुर्वेद/ शालक्य | २०७३/११/२६ | २०७३/११/२६ |
| ६. | कन्सल्टेण्ट शल्य चिकित्सक | नवौं तह | नेपाल स्वास्थ्य | स्वास्थ्य आयुर्वेद/ शल्य तथा संज्ञाहरण | २०७३/११/२६ | २०७३/११/२६ |
| ७. | उपसचिव वा सो सरह | रा.प.द्वितीय | नेपाल इन्जिनियरिङ्ग | एरोनटिकल | २०७३/१२/२१ | २०७३/१२/२१ |
| ८. | फणित/पछुवा | श्रेणी विहीन | नेपाल वन | हात्तिसार | २०७३/११/११ | २०७३/११/११ |

उपरोक्तानुसारका पाठ्यक्रमहरु आयोगको वेवसाइटः www.psc.gov.np मा उपलब्ध रहेका छन् ।

## आयोगमा/आयोगबाट कर्मचारीहरुको सरुवा/काज/पदस्थापना/अवकाश तथा राजिनामा सम्बन्धी विवरण

### (क) अन्य निकायबाट आयोग वा अन्तर्गत सरुवा तथा पदस्थापना

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | सरुवा गर्ने निकाय | पदस्थापना गरिएको निकाय | सरुवा निर्णय मिति | पदस्थापना भएको मिति |
|---|---|---|---|---|---|---|
| १ | उपसचिव | श्री युवराज पोखरेल | सामान्य प्रशासन मन्त्रालय | महाकाली अञ्चल कार्यालय, महेन्द्रनगर | २०७३/०५/३१ | २०७३/१०/१७ |
| २ | उपसचिव | श्री कृष्ण प्रसाद आचार्य | सामान्य प्रशासन मन्त्रालय | लुम्बिनी अञ्चल कार्यालय, बुटवल | २०७३/१२/०७ | २०७३/१२/१७ |
| ३ | निर्देशक (तथ्याङ्क) | श्री नवराज लम्साल | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/१२/१८ | २०७३/१२/१९ |
| ४ | नायव सुब्बा | श्री सुशील कुमार पौड्याल | सामान्य प्रशासन मन्त्रालय | नारायणी अञ्चल कार्यालय, हेटौंडा | २०७३/११/२७ | २०७३/१२/२९ |
| ५ | कम्प्युटर अपरेटर | श्री सुदर्शन प्रसाद आचार्य | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/१०/१८ | २०७३/१०/२४ |
| ६ | सहायक कम्युटर अपरेटर | श्री उमाकान्त नेपाल | सामान्य प्रशासन मन्त्रालय | सगरमाथा अञ्चल कार्यालय, दिक्तेल | २०७३/११/१७ | २०७३/११/१७ |
| ७ | ह.स.चा | श्री कृष्ण बहादुर चौधरी | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०९/०८ | २०७३/१०/०७ |

### (ख) आयोगबाट आयोग अन्तर्गत सरुवा तथा पदस्थापना

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | साविक कार्यरत निकाय | सरुवा गरिएको निकाय | सरुवा निर्णय मिति |
|---|---|---|---|---|---|
| १ | उपसचिव | श्री केशव शर्मा | महाकाली अञ्चल कार्यालय, महेन्द्रनगर | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/१०/१७ |

### (ग) आयोगबाट अन्यत्र निकायमा सरुवा/काज/पदोन्नति सम्बन्धी विवरण

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | सरुवा/पदोन्नति भएको निकाय | निर्णय मिति | रमाना मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | उपसचिव | श्री जानकीराम शर्मा बराल | सामान्य प्रशासन मन्त्रालय | २०७३/१२/०७ | २०७३/१२/०७ | पदोन्नती |
| २ | उपसचिव | श्री ताराप्रसाद भट्टराई | सामान्य प्रशासन मन्त्रालय | २०७३/१२/०७ | २०७३/१२/०७ | पदोन्नती |
| ३ | शाखा अधिकृत | श्री सुशीला पौडेल (ढकाल) | दक्षिणकाली नगरपालिकाको कार्यालय, काठमाडौं | २०७३/१२/०४ | २०७३/१२/०९ | पदोन्नती तथा काज |

### (घ) अनिवार्य अवकाश

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | अवकाश मिति | कैफियत |
|---|---|---|---|---|
| १ | शाखा अधिकृत | श्री कृष्णप्रसाद आचार्य | २०७३/१२/०२ | राप्ती अञ्चल कार्यालय, दाङ । |

### भौतिक कार्य सम्बन्धी प्रगति विवरण

- मध्य पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेतको परीक्षा भवन निर्माण कार्य सम्पन्न भई उद्घाटन भएको ।
- सुदूर पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायलको भवन निर्माण कार्य अन्तिम चरणमा रहेको ।
- पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा, पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा र धवलागिरी अञ्चल कार्यालय, बाग्लुङमा भवन निर्माण कार्य सुचारु रहेको ।
- लुम्बिनी अञ्चल कार्यालय, बुटबलमा भवन निर्माण कार्य प्रारम्भ भएको ।

**समवेदना**

- लोक सेवा आयोग, सगरमाथा अञ्चल कार्यालय, दिक्तेलमा कार्यरत शाखा अधिकृत श्री सविता के.सी.को मिति २०७३/१२/१२ गते ३८ वर्षको उमेरमा भएको दुःखद निधनप्रति समवेदना प्रकट गरियो ।

## १. आर्थिक वर्ष २०७३/७४ को तेस्रो त्रैमासिक अवधिको कार्यसम्पादन स्थिति (२०७३ माघदेखि चैत्र मसान्तसम्म)

### (क) निजामती सेवा, स्वास्थ्य सेवा तथा व्यवस्थापिका संसद सेवातर्फ विज्ञापन, दरखास्त संकलन, लिखित परीक्षा सञ्चालन, लिखित परीक्षाको नतिजा प्रकाशन, अन्तर्वार्ता एवं सिफारिश सम्बन्धी विवरण।

| श्रेणी | विज्ञापित पद संख्या | | संकलन भएका दरखास्त संख्या | | लिखित परीक्षामा सम्मिलित परीक्षार्थी संख्या | | | अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवार संख्या | | | सिफारिश भएका उम्मेदवार संख्या | | | बैकल्पिक सिफारिश भएका उम्मेदवार संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अप्रा. | प्रा. | अप्रा. | प्रा. | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| राजपत्रांकित प्रथम | ० | ० | ० | ० | ४४ | २९ | ७३ | ९ | ६९ | ७८ | ५ | १७ | २२ | ० | ० | ० |
| राजपत्रांकित द्वितीय | ० | ० | ० | ० | ६७० | २५८४ | ३२५४ | २५६ | १९३ | ४४९ | १ | ८ | ९ | ० | ० | ० |
| शाखा अधिकृत प्रथम चरण | | | | | | | २०८०७ | | | ४५५५ | | | | | | |
| राजपत्रांकित तृतीय | ० | ० | ० | ० | ४९९५ | १३१०९ | १८१०४ | ० | ० | ० | ५७ | २५ | ८२ | ० | ० | ० |
| नायब सुब्बा प्रथम चरण | | | | | | | ५७४८६ | | | ११५९४ | | | | | | |
| राजपत्र अनंकित प्रथम | ० | १६७२ | ७१५२३ | ५६९६९ | २७२५ | ४७२८ | ७४५३ | ० | ० | ० | १९६ | ६२३ | ८१९ | ० | ४ | ४ |
| राजपत्र अनंकित द्वितीय | १२२१ | २६४८ | ९८७९१ | ० | ० | ० | ० | ५७७९ | ६६३२ | १२४११ | १५२५ | ६१५ | २१४० | १ | ११ | १२ |
| श्रेणी विहिन | ० | ११४१ | ० | ५१०२७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | १२२१ | ५४६१ | १७०३१४ | १०७९९६ | ८४३४ | २०४५० | १०७१७७ | ६०४४ | ६८९४ | २९०८७ | १७८४ | १२८८ | ३०७२ | १ | १५ | १६ |

### (ख) सुरक्षा निकाय तथा संगठित संस्थातर्फ विज्ञापन प्रकाशनको लागि सहमति, लिखित परीक्षा सञ्चालन तथा लिखित परीक्षाको नतिजा प्रकाशन सम्बन्धी विवरण।

| श्रेणी/तह | विज्ञापन प्रकाशनको लागि सहमति दिइएको संख्या | | लिखित परीक्षामा सम्मिलित परीक्षार्थी संख्या | | | लिखित परीक्षाबाट छनौट भएका उम्मेदवार संख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| | अप्रा. | प्रा. | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| राजपत्रांकित प्रथम/एघारौं | ० | ० | ० | ० | ० | ० | ० | ० |
| राजपत्रांकित द्वितीय/नवौं | ० | ० | ० | ० | ० | ० | ० | ० |
| राजपत्रांकित तृतीय/आठौं/सातौं | ० | ० | ० | ० | ० | १६ | ४६ | ६२ |
| राजपत्र अनंकित प्रथम/पाँचौं | ० | ० | १८०० | ६२७७ | ८०७७ | १८ | ६१ | ७९ |
| राजपत्र अनंकित द्वितीय/चौथो | ० | ० | १००९ | ९५६१ | १०५७० | ४१ | १०८६ | ११२७ |
| राजपत्र अनंकित तृतीय/तेश्रो | ० | ० | १४८० | २०६८ | ३५४८ | १६० | २३३ | ३९३ |
| राजपत्र अनंकित चतुर्थ/दोश्रो | ० | ० | ० | ० | ० | ० | ० | ० |
| श्रेणी बिहिन | ० | ० | १६९ | ३१७ | ४८६ | २५ | १६५ | १९० |
| जम्मा | ० | ० | ४४५८ | १८२२३ | २२६८१ | २६० | १५९१ | १८५१ |

## २. विभागीय सजायको परामर्श सम्बन्धी विवरण

| श्रेणी | विभागीय सजायको लागि परामर्श पठाइएको संख्या |
|---|---|
| राजपत्रांकित प्रथम | १ |
| राजपत्रांकित द्वितीय | ३ |
| राजपत्रांकित तृतीय | १० |
| राजपत्र अनंकित प्रथम | ७ |
| राजपत्र अनंकित द्वितीय | २ |
| श्रेणी विहीन | १ |
| जम्मा | २४ |

## ३. कूल बजेट खर्च रकम

| क्र.सं. | २०७३ माघ देखि चैत्र मसान्त सम्मको खर्च | रकम (रु) |
|---|---|---|
| १ | विविध | १४,२०,२९,०००.०० |
| २ | अन्य प्रशासनिक खर्च | २,३२,२५,९६७.४५ |
| ३ | संस्थागत सुदृढीकरण<br>चालु खर्च २०,७१,७११.५०<br>पूँजीगत खर्च ७,४६,८९३.०० | २८,१८,६०४.५० |
| | जम्मा | १६,८०,७३,५७१.९५ |

# अन्तर्वार्ता

## नेपाल न्याय सेवा, न्याय समूह, राजपत्रांकित प्रथम श्रेणी, सहसचिव पदको प्रतिस्पर्धात्मक परीक्षामा खुलातर्फ सिफारिश हुनभएका उम्मेदवार श्री अच्यूत कुइँकेलसँग लिइएको अन्तर्वार्ता



**१. नेपाल न्याय सेवा, न्याय समूहतर्फ सहसचिव पदको प्रतिस्पर्धाबाट छनौट भई कार्यभार समेत सम्हाल्नु भएकोमा बधाई छ। निजामती सेवामा प्रवेशका लागि कहाँबाट प्रेरणा पाउनु भयो ?**

☞ बधाईका लागि धन्यवाद ! लोक सेवा आयोगको खुला प्रतियोगितात्मक परीक्षाबाट नेपाल न्याय सेवा, न्याय समूहतर्फ सहसचिव पदमा छनौट एवं सिफारिश भई हाल उच्च अदालत तुलसीपुरको रजिष्ट्रार पदमा कार्यरत छु। निजामती सेवा प्रवेशका लागि मेरो प्रेरणाको पहिलो श्रोत मेरो परिवार नै हो। पढाईमा उत्प्रेरित गर्ने कार्य मेरो जिवन संगिनी सुशिला थपलियाबाट भएको हो। लोक सेवा आयोगको निष्पक्षता एवं विश्वसनीयताका कारण निजामती सेवामा प्रवेशका लागि म स्वयं पनि प्रेरित भएको हुँ।

**२. "निजामती सेवा आलोचित र अत्यावश्यक दुवै छ भनिन्छ" यस सम्बन्धमा तपाई के भन्नुहुन्छ ? निजामती सेवाका सुधारका लागि केही सुझाव छन् कि ?**

☞ राज्यबाट नागरिकलाई प्रदान गरिने सेवा सुविधा वितरणको पहिलो र सशक्त माध्यम कर्मचारीतन्त्र हो। सरकारको उपस्थिती र प्रत्याभूतीको माध्यम निजामती सेवामा देखिएका केहि कार्य विधीगत जटिलता एवं प्रशासनिक ढिलासुस्तीका कारण केही हदसम्म यो आलोचित भएपनि यसको अत्यावश्यक्तालाई नकार्न सकिन्न। निजामती सेवामा सुधारका लागी विद्यमान कानूनको प्रभावकारी कार्यान्वयन, व्यवस्थापनका नविनतम् सिद्धान्तहरुको व्यावहारिक प्रयोग, कर्मचारीको दक्षता अभिवृद्धिमा जोड, भएका क्षमता प्रयोग हुन सक्ने वातावरण निर्माण हुन सकेमा यो सेवा अझ परिष्कृत हुन सक्छ।

**३. लोक सेवा आयोगले आ.व. ०७३/७४ बाट लागू हुने गरि राजपत्रांकित प्रथम श्रेणी (अप्राविधिक) सह-सचिव वा सो सरहका पदहरुको पाठ्यक्रम परिवर्तन गरेको छ। नयाँ पाठ्यक्रम अनुसारको परीक्षाबाट यहाँ लिखित परीक्षा उत्तीर्ण भई सिफारिश समेत भैसक्नुभएको छ। तपाईलाई यो पाठ्यक्रम कस्तो लाग्यो?**

☞ लोकसेवा आयोगले आ.व. २०७३/०७४ बाट लागू हुने गरी राजपत्रांङ्कित प्रथम श्रेणी (अप्राविधीक) सह-सचिव वा सो सरहका पदहरुको पाठ्यक्रम परिवर्तन गरे पश्चात नयाँ पाठ्यक्रम अनुसार सिफारिश हुने पहिलो व्यक्ति शायद म नै हुँ। नयाँ पाठ्यक्रम धैरे हदसम्म उत्कृष्ट छ। यो पाठ्यक्रमले सैद्धान्तिक पक्षका अलावा व्यावहारिक ज्ञान एवं दक्षताको संयोजन गरेको छ। लिखित परीक्षामा न्याय सेवातर्फ थप १०० पूर्णाङ्कको विषयगत पत्र समेत समावेश गरी परिस्कृत गरेको छ। लिखित परीक्षाको नतिजा पश्चात पुनः समस्या समाधान मुखी परीक्षा एवं प्रस्तुतीकरण र अन्तर्वार्ताको व्यवस्थाले थप निखार दिएको छ। विगतमा प्रस्तुतीकरण र अन्तर्वार्ता फरक-फरक दिनमा हुने गरेकोमा हाल एकै दिन गर्ने गरी तालिका सुरु भएको देख्दा खुसी लाग्यो। दोश्रो पत्रमा केही सैद्धान्तिक विषयलाई नदोहोरिने गरी मिलान गरी पाठ्क्रममा नैतिकता एवं आचरणका विषयलाई थप संगठित गर्न सके राम्रो हुने थियो।

**४. लोक सेवा आयोगको प्रादेशिक संरचना तयार गर्दा के कसरी गर्नुपर्ने देख्नुहुन्छ ?**

☞ लोकसेवा आयोगको प्रादेशिक संरचना तयार गर्दा विद्यमान संविधानको मर्म र भावना अनुरुप हुने गरी प्रदेश तहको संरचना तयार गर्नुपर्ने देख्छु। जसमा राजपत्र अनंकित तह सम्मको विज्ञापन, लिखित परीक्षा, सिफारिश लगायतका काम कारवाही प्रादेशिक संरचना अन्तर्गतको कार्यालयले नै गर्न सक्ने बनाउने र राजपत्रांकित अधिकृतहरुको हकमा विज्ञापन, लिखित परीक्षा, सिफारिश समेतका कार्य संघीय लोकसेवा आयोगले नै गर्ने गरी सांगठनिक संरचना तयार गर्नुपर्ने देखिन्छ।

**५. नेपाल न्याय सेवाका राजपत्र अनंकित श्रेणीका पदहरुमा सिफारिश हुने उम्मेदवारहरुले सेवा, समूह रोज्दा न्याय सेवालाई कम प्राथमिकता दिएको पाइन्छ। राजपत्रांकित तृतीय श्रेणी शाखा अधिकृत वा सो सरहका पदहरुमा पनि विज्ञापित पद संख्या भन्दा कम उम्मेदवारहरु लिखित परीक्षामा उत्तीर्ण हुने गरेको देखिन्छ। यसको कारण र समाधानका उपायहरु के देख्नुहुन्छ ?**

☞ न्याय सेवातर्फको अहिलेको ठुलो समस्या जनशक्ति व्यवस्थापन हो। राजपत्र अनंकित प्रथम श्रेणीसम्मका लागि आवश्यक प्रमाणपत्र तह सम्मको पढाई कानून विषयमा छैन। कानून विषय नपढेका परीक्षार्थी सबै सेवा समूहका लागि निर्धारित पाठ्यक्रम पढेर न्याय सेवा प्रवेश गर्ने वित्तिकै न्याय कानूनको क्षेत्रमा काम गर्नुपर्छ। कानूनको सैद्धान्तिक आधार नहुने हुँदा उनीहरुको रुची अन्य सेवा समूहतर्फ आकर्षित हुन्छ भने अधिकृत तहमा प्रवेश गर्न योग्यता कानून तर्फको नहुने हुँदा वृत्ति विकासका लागि स्वभावतः अन्य सेवा समूह तर्फ रोजाई हुने नै हुन्छ। कानूनको स्नातक अध्ययनका लागि अन्य विषयमा स्नातक गरी सकेको हुनुपर्ने वा ५ वर्षे पढाई गर्नुपर्ने कारण यो क्षेत्रमा जनशक्ति नै कमी भएका कारण समेत राजपत्रांकित तृतीय श्रेणी शाखा अधिकृत वा सो सरहका विज्ञापनमा सहभागिता र उत्तिर्ण हुनेको संख्या कम देखिन्छ भने न्याय सेवामा वृत्ति विकासको सुनिश्चितता एवं तालिम, भ्रमण जस्ता विविध अवसरको कमी भएका कारण समेत आकर्षण कम देखिन्छ।

यसको समाधानका लागि न्याय सेवालाई आकर्षक बनाउनु जरुरी छ। अवसर, अधिकार र आश्रितहरुको समेत कल्याण हुने व्यवस्थाहरु लागू गर्न सके न्याय सेवामा आकर्षण बढ्न सक्छ। न्याय सेवामा प्रवेश गरेको व्यक्तिको Carreer Path स्पष्ट बनाउनु पर्दछ। अदालत एवं न्यायिक निकायमा जाने कर्मचारीहरुलाई न्यूनतम भौतिक सुविधा सवारी गाडी, कार्यकक्षको व्यवस्थापन, वैदेशिक अध्ययन तालिममा पर्याप्त मनोनयनको अवसर, निश्चित तहसम्म अधिकारको प्रत्यायोजन गर्ने, विश्वविद्यालयहरुमा प्रमाणपत्र तहको कानून विषयको पढाइ सुरु गर्ने, न्याय सेवामा प्रवेशका लागि उमेर हद बढाउने गर्न सके न्याय सेवातर्फको आकर्षण बढ्न सक्ने देखिन्छ।

**६. लोक सेवा आयोगले अनलाइन प्रणालीमार्फत मात्र दरखास्त संकलन गर्ने व्यवस्था गरेको छ । यो प्रणालीको प्रयोगकर्ताको रुपमा के सुझाव दिन चाहनुहुन्छ ?**

☞ लोकसेवा आयोगले शुरु गरेको अनलाइन दरखास्त संकलन प्रणाली उत्तम छ । यस प्रणालीको प्रयोगकर्ताहरुलाई थप सहज बनाउन क्षमता अभिवृद्धि गर्ने, सिस्टम ढिला हुने, अन्तिम समयमा दरखास्त दिन भिड हुँदा सर्भरले काम नगर्ने समस्या हटाउनु पर्ने देखिन्छ । अनलाईनबाट दरखास्त दर्ता गरेपछि रकम बुझाउन पुनः आयोगमा नै लाइन बस्न जानु पर्ने बाध्यता हटाउन बैंक मार्फत रकम बुझाउन सक्ने व्यवस्था गर्नु जरुरी देख्दछु ।

**७. लोक सेवा आयोग प्रतिको जन विश्वासलाई अझ बृद्धि गर्न के गर्नुपर्ला ?**

☞ लोक सेवा आयोगको मुख्य आधार नै जनविश्वास हो । आयोगको परीक्षा पद्धतीमा समयानुकूल सुधार हुनु सकारात्मक पक्ष छ । आयोगको विद्यमान ऐन, नियम, निर्देशिका र कार्यविधिले यसको निष्पक्षताको प्रत्याभूती गरेको छ । नेपालको संविधानले लोक सेवा आयोगको कार्यक्षेत्रको दायरा फराकिलो गरेको सन्दर्भमा आफूले गरेका असल अभ्यासहरु (Best Practices) को प्रबर्द्धनात्मक कार्यक्रमहरु गर्न सके जनविश्वास अझ वृद्धि हुन सक्छ ।

## नेपाल कृषि सेवा, एगृ इको मार्केटिङ्ग एण्ड स्टाटिस्टिक्स समूह, राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव पदको खुला (महिला) तर्फ प्रतिस्पर्धात्मक परीक्षामा सिफारिश हुनुभएका उम्मेदवार श्री जानुका पण्डितसँग लिइएको अन्तर्वार्ता



**१. नेपाल कृषि सेवा, एगृ. इको. मार्केटिङ्ग एण्ड स्टाटिस्टिक्स समूहतर्फ सहसचिव पदको प्रतिस्पर्धाबाट छनौट भई कार्यभार समेत सम्हाल्नु भएकोमा बधाई छ । निजामती सेवामा प्रवेशका लागि कहाँबाट प्रेरणा पाउनु भयो ?**

☞ सर्वप्रथम त यहाँलाई धन्यवाद दिन चाहन्छु । मलाई निजामती सेवा प्रवेशमा प्रेरणा दिने व्यक्तित्व मेरो बुवा हुनुहुन्छ । उहाँले म B.Sc.Ag. First year enroll हुँदा देखी नै लोक सेवा आयोगको परीक्षा दिनुपर्ने कुरा बारम्बार सम्झाइ रहनु हुन्थ्यो । म आयोगको परीक्षामा सफल भई अधिकृत पदबाट निजामती सेवामा प्रवेश गरेको हुँ । अहिले सहसचिवको प्रतिस्पर्धामा सफल हुनुमा पनि मेरो बुवा, आमा र श्रीमान नै प्रेरणाका श्रोतहरु हुनुहुन्छ ।

**२. लोक सेवा आयोगले आ.व. ०७३/७४ बाट लागू हुनेगरि राजपत्रांकित प्रथम श्रेणी (अप्राविधिक) सह-सचिव वा सो सरहका पदहरुको पाठ्यक्रम परिवर्तन गरेको छ । प्राविधिकतर्फका सहसचिव वा सो सरहका पदहरुको पाठ्यक्रममा के कस्ता विषयहरु समावेश गर्नुपर्ने आवश्यक ठान्नुहुन्छ ?**

☞ लोक सेवा आयोगले चालु आ.ब. बाट राजपत्रांकित प्रथम श्रेणी (अप्राविधिक) सह-सचिव वा सो सरहको पाठ्यक्रममा गरेको परिवर्तन समय सापेक्ष छ । जस अनुसार ३ चरणका परीक्षाको व्यवस्था रहेको छ । प्रथम चरणमा लिखित परीक्षा, द्वितीय चरणमा मामीला विश्लेषण तथा प्रस्तुतीकरण सहितको कौशल परीक्षा र तृतीय चरणमा अन्तर्वार्ता रहेको छ । सोही अनुरुप प्राविधिकतर्फ पनि पाठ्यक्रम परिवर्तन गरिनुपर्छ । प्राविधिकतर्फ हाल रहेको लिखित परीक्षाको प्रथम पत्रको खण्ड (क) मा सुशासन, कर्मचारी व्यवस्थापन, बित्तिय व्यवस्थापन, मानव संसाधन विकासको लागि स्थापित मान्यताहरुको साथसाथै उम्मेदवारहरुसँग के-कस्ता नविनतम् अवधारणाहरु छन्, तिनीहरुको मूल्यांकन गर्ने पाठ्यक्रम बनाउन सकिन्छ । त्यसैगरी प्रथम पत्रको खण्ड (ख) को सेवा सम्बन्धि सामान्य बिषय र द्वितीय पत्रको सेवा सम्बन्धी प्राविधिक विषयलाई मिलाएर एउटै बनाउन सकिन्छ । त्यस्तै द्वितीय चरणमा विशेष गरेर अप्राविधिकतर्फ जुन मामीला विश्लेषण र प्रस्तुतीकरणको नयाँ मूल्यांकन पद्धतीको शुरुवात भएको छ, त्यो प्राविधिक तर्फ पनि धेरै सान्दर्भिक हुने देखिन्छ । उक्त मामीला विश्लेषणमा सबै उम्मेदवारलाई एउटै मामीलामा विश्लेषण गराएर क्षमता परीक्षण गराइनु पर्छ । वास्तवमा परीक्षाको गहन विषय भनेको परीक्षामा सोधिने प्रश्नहरुमा उम्मेदवारबाट किताबी अध्ययनबाट भन्दा उसमा रहेको ज्ञान, क्षमता तथा अनुभवलाई Synthesize गरेर लेखिएको उत्तरहरु आउने खालको हुनुपर्छ ।

**३. "निजामती सेवा आलोचित र अत्यावश्यक दुवै छ भनिन्छ" यस सम्बन्धमा तपाई के भन्नुहुन्छ ? निजामती सेवाका सुधारका लागि केही सुझाव छन् कि ?**

☞ नेपाल सरकारका निर्णयहरु कार्यान्वयनका लागि निरन्तररुपमा कर्तव्यनिष्ठ हुने संयन्त्र निजामती सेवा हो । कर्मचारीको कार्य सम्पादन मूल्यांकन सहि रुपमा नहुनु, कर्मचारीको पदस्थापन र जिम्मेवारी तथा सरुवा पूर्वानुमानयोग्य नहुनु, पुरानै कार्यशैलीलाई निरन्तरता दिईरहनु, कर्मचारीले नविनतम प्रविधिको प्रयोग गर्न नसक्नु तथा भ्रष्टचारको आरोप लागि रहने कारणहरुले निजामती सेवा यदाकदा आलोचित पनि हुने गरेको छ । यथार्थतामा निजामती सेवा राज्य संचालनको लागि अत्यावश्यक छ । यो सेवा नेपाल सरकारको राज्य संचालनको औपचारिक कार्यविधि सहितको स्थायी संयन्त्र हो, जस्लाई स्थायी सरकारको संज्ञा दिइन्छ । निजामती कर्मचारीले जिम्मेवारी वहन गरी सधैं जनताका लागि सेवा गर्नुपर्ने हुन्छ । यसले सरकारको सार्वजनिक सेवा प्रवाहमा स्थायित्व प्रदान गर्दछ । यस सेवामा रहेर नेपालको हरेक कुना काप्चामा पुगी सेवा प्रवाह गर्न सकिने, त्यहाँको सामाजिक परिवेशलाई सुक्ष्म रुपमा नियाल्न सकिने, वृहत कार्यक्षेत्र, व्यवसायिकता, पारदर्शिता, गुणस्तरीय जनशक्ति तथा कार्यदक्षता यसका मुख्य विशेषताहरु हुन् ।

Right man in right place, Advance technology को प्रयोग Paperless system को कार्यान्वयन, कर्मचारीको ३६० डिग्रीको मूल्यांकन प्रणालीको सुरुवात, बढुवा प्रणालीमा पारदर्शिता, कर्मचारीलाई जिवन निर्वाह गर्न सक्ने तलब तथा सुविधाहरु जस्तै स्वास्थ्यमा सुविधा, कर्मचारीहरुका सन्तानका लागि शिक्षामा सुविधा, कर्मचारी अवकाश हुँदा निवृतिभरणको साथमा थप सुविधा लगायतका विषयहरु सुधार गरी निजामती सेवाले राज्यप्रति गर्ने योगदानलाई अझ बढाउन सकिन्छ ।

**४. लोक सेवा आयोगको प्रादेशिक संरचना तयार गर्दा के कसरी गर्नुपर्ने देख्नुहुन्छ ?**

☞ नेपालको संविधानको धारा २४४ अनुसार प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था गरिएको छ । यस आयोगको प्रादेशिक संरचनाको कुरा गर्दा प्रदेश लोक सेवा आयोगलाई पनि संवैधानिक सुनिश्चितता दिनुपर्ने तथा प्रत्येक प्रदेशमा एक जना अध्यक्ष तथा कम्तिमा दुई जना सदस्यहरु र नेपाल सरकारको एक जना सचिव रहने प्रावधान हुनुपर्छ । संघीय लोक सेवा आयोगले नै सबै प्रदेशका लागि न्यूनतम शैक्षिक योग्यता प्रणाली, प्रत्येक पदको निजामती कर्मचारीले गर्नुपर्ने कार्य विवरण, समावेशीता लगायतका सबै कुराहरु समेटि एउटा निश्चित मापदण्ड निर्धारण गर्नुपर्ने र सोही मापदण्ड बमोजिम प्रदेश लोक सेवा आयोगले आफ्ना कार्यक्रमहरु संचालन गर्नुपर्छ । विशेष समूहहरु जस्तै राजस्व, परराष्ट्र, नेपाल कृषि सेवाको रा.प. प्रथम र द्वितीय श्रेणीको परीक्षा संचालन संघीय लोक सेवा आयोगले नै गर्ने व्यवस्था गराउनुपर्छ । जसका लागि कानून, नीति, संरचनाहरु र रणनीतिक योजनाहरु निर्माण गर्दै जानुपर्छ ।

**५. लोक सेवा आयोगले अनलाइन प्रणालीमार्फत मात्र दरखास्त संकलन गर्ने व्यवस्था गरेको छ । यो प्रणालीको प्रयोगकर्ताको रुपमा के सुझाव दिन चाहनुहुन्छ ?**

☞ लोक सेवा आयोगले गत वर्षदेखि दरखास्त संकलनका लागि सुरु गरेको अनलाइन प्रणाली अत्यन्तै सह्रानिय छ । फाराम भर्नको लागि आयोगको सम्बन्धित कार्यालय नगईकन घरमै बसेर जुनसुकै समयमा पनि फाराम भर्न सकिन्छ । तथापी यस प्रणालीमा केही सुधार गर्नुपर्ने देखिन्छ । दरखास्त शुल्क बैंकबाटै तिर्ने व्यवस्था गराउनु पर्ने User Name / Password हराएको अवस्थामा रु. ५० तिरेर User Name अथवा Password परिवर्तन गरी आफ्नो Account हेर्न पाइने व्यवस्थालाई हटाएर email मा code number पठाई फेरि Login गरि आफ्नो Account हेर्न मिल्ने व्यवस्था गर्नु राम्रो हुन्छ । अहिलेको अनलाइन फारामलाई पनि अझै सरल बनाउने, अन्तर्वार्ताको नतिजा पश्चात् कूल प्राप्तांक अन्तर्गत लिखित र अन्तर्वार्तामा कति कति आएको हो हेर्न मिल्ने व्यवस्था गर्नुपर्ने त्यसैगरी लोक सेवा आयोगले सूचना तथा नतिजा प्रकाशन गर्दा सेवा/समूह तथा श्रेणी/तह अनुसार सूचना वा नतिजा प्रकाशन के हो छुट्याएर वेभसाईटमा प्रकाशित गर्दा प्रयोगकर्तालाई अझ सजिलो हुने थियो ।

**६. लोक सेवा आयोग प्रतिको जन विश्वासलाई अझ बृद्धि गर्न के गर्नुपर्ला?**

☞ लोक सेवा आयोगले आफ्नो छविलाई सदा उच्च राख्दै आईरहेको छ । जनताले यस प्रति गरेको विश्वासलाई अझ बढाउन केही सुधारहरु गर्नुपर्ने हुन्छ । आयोगले वार्षिक कार्यतालिका आफ्नो वेभसाईटमा राखि यहि कार्यतालिका अनुसार परीक्षा सञ्चालन गर्दछ । परीक्षा सञ्चालन गर्नका लागि आयोगको वेभसाइट र गोरखापत्रमा मात्र विज्ञापन आव्हानको सूचना प्रकाशित गरिन्छ । यसलाई अन्य सञ्चारका माध्यमहरु जस्तै अन्य राष्ट्रिय पत्र-पत्रिका, FM, NTV बाट पनि विज्ञापन गरिनुपर्छ । पाठ्यक्रमहरु विश्वविद्यालयको Syllables सँग तालमेल हुने किसिमको गराउन सकिन्छ । त्यसैगरी आयोगले Talent hunt गर्ने तथा सम्बन्धित विश्वविद्यालयमा छिटो छरितो माध्यमबाट लोक सेवा आयोगको विज्ञापनको सूचना पुऱ्याउनु पर्ने पाठ्यक्रममा सैद्धान्तिक बिषयवस्तु भन्दा बढी प्रयोगात्मक अभ्यास तथा उम्मेदवारसँग रहेको नविनतालाई मूल्यांकन गर्ने तौर-तरीकाहरु राख्नुपर्ने देखिन्छ । अहिलेको परीक्षा प्रणाली राजपत्रांकित तहमा प्रतिस्पर्धा गर्न चाहने उम्मेदवारका लागि केन्द्रीकृत छ । प्रतिस्पर्धिले लोक सेवा आयोगको परीक्षा दिन काठमाण्डौ नै आउनुपर्ने बाध्यता हटाएर विकेन्द्रीत गरी नेपालको जुनसुकै ठाउँबाट मात्र नभएर विदेशमा रहेका नेपाली प्रतिभा जो-कोहिले पनि परीक्षा दिने व्यवस्था मिलाउन सकिन्छ ।

**७. अधिक मात्रामा नागरिकहरुलाई निजामती सेवातर्फ आकर्षित गर्न लोक सेवा आयोगले कस्ता कदमहरु चाल्नु पर्ने देख्नुहुन्छ ?**

☞ युवा प्रतिभाको पहिलो प्राथमिकता निजामती सेवा बनाउनको लागि लोक सेवा आयोगको अहम् भुमिका रहन्छ । सर्वप्रथम यस आयोगले सञ्चालन गर्ने परीक्षा कार्यतालिकालाई विश्वविद्यालयको कार्यतालिकासँग तालमेल मिलाउनु अत्यावश्यक हुन्छ, तबमात्र विश्वविद्यालयबाट भर्खर सर्टिफिकेट लिएको मेधावी युवा जनशक्ति लोक सेवा आयोगको परीक्षामा सामेल भई निजामती सेवामा प्रवेश गर्न सक्छ । आयोगले गर्ने विज्ञापन र निजामती सेवा प्रवेशका लागि हुने सिफारिश बिचको समय करिव छ महिना लाग्ने गरेको छ । यसरी उम्मेदवारलाई लामो समयको पर्खाइ हुने गरेकोले यस सेवा प्रति सबै युवाहरुको अभिरुचि बढ्न सकेको छैन । तसर्थ यो अवधिलाई दुई महिनामा घटाउनु पर्ने हुन्छ । साथै बजारमा रहेका मेधावी प्रतिभालाई निजामती सेवामा छड्के प्रवेश गर्ने अवस्था सिर्जना गराउनु अत्यावश्यक छ । निजामती सेवाको राजपत्राकिंत प्रथम र द्वितीय श्रेणीका पदको पदपूर्तिमा खुल्ला प्रतियोगिताको लागि छुट्टाईएको १०% लाई बढाएर ३०% पुऱ्याउनु पर्दछ अनिमात्र यी तहमा बजारमा रहेका प्रतिभावान जनशक्तिले प्रवेश पाउँछ । नेपाल सरकारले आफ्ना नीति तथा कार्यक्रम मार्फत स्वदेशमानै नयाँ प्रविधि सहितको उच्च शिक्षा पढ्न पाउने वातावरण, स्वदेशमै लगानीको वातावरण, राजनैतीक स्थिरता, विदेशिएका युवालाई स्वदेशमा फर्काउने व्यवस्था गराउनु आवश्यक छ । समग्रमा लोक सेवा आयोग, नेपाल सरकार तथा स्वयं युवा वर्गको संयुक्त प्रयासबाट मात्र युवा प्रतिभाको पहिलो गन्तव्य निजामती सेवा हुन सक्छ ।

सूचनामूलक लेख

# आयोगको सूचना तथा प्रकाशन शाखाका उपसचिव श्री गीताकुमारी होमेगाई र शाखा अधिकृत श्री नारायण प्रसाद पोखरेलले लोक सेवा आयोगको काम सम्बन्धी समसामयिक विषयमा सरोकारवालाहरुबाट बारम्बार सोधिने प्रश्नहरुको सम्बन्धमा तयार पार्नुभएको जानकारीमूलक विषयवस्तु

१) **आयोगले वार्षिक कार्यतालिका किन तयार गर्दछ ?**

आयोगले सम्पादन गर्ने कार्यहरु मध्ये रिक्त पदपूर्ति सम्बन्धी कार्यहरुलाई समयबद्ध र वस्तुनिष्ट बनाउन हरेक आर्थिक वर्षको शुरु सँगै सो आर्थिक वर्ष भरमा गर्ने पदपूर्तिका कार्यहरुलाई समयावधी तोकेर तालिका तयार गर्दछ, जसलाई वार्षिक कार्यतालिका भनिन्छ ।

आयोगले पदपूर्तिका लागि सिफारिश गर्ने सम्बन्धमा प्राप्त माग पदहरुको प्रतिशत निर्धारण, विज्ञापन प्रकाशन, लिखित परीक्षा सञ्चालन, लिखित परीक्षाको नतिजा प्रकाशन, प्रयोगात्मक परीक्षा, अन्तर्वार्ता तथा सिफारिश लगायतका विषयहरु समावेश गरी वार्षिक कार्यतालिका तयार गरिन्छ ।

निजामती सेवाका पदहरुमा पदपूर्तिका लागि सिफारिश गर्न आयोगले प्रत्येक वर्ष वार्षिक कार्यतालिका बनाउँदै आएकोमा नेपालको संविधानबाट प्रदत्त अधिकार बमोजिम आयोगले सूरक्षा निकाय तथा संगठित संस्थाहरुको पदपूर्तिका लागि समेत आ.व. २०७३/७४ बाट वार्षिक कार्यतालिका बनाई कार्यान्वयन गर्दै आएको छ ।

२) **लोक सेवा आयोगबाट पदपूर्तिका लागि प्रकाशन गरिने पदहरुको लिखित परीक्षाका लागि परीक्षा केन्द्र कहाँ–कहाँ राखिएका छन् ?**

स्थायी कर्मचारी पदपूर्तिको लागि आयोगबाट हुने विज्ञापनका पदहरुमा दरखास्त दिने उम्मेदवारहरुको परीक्षा सञ्चालनका लागि विज्ञापन गर्ने आयोगको केन्द्रीय कार्यालय, क्षेत्रीय निर्देशनालय र अञ्चल कार्यालयहरुले तोके बमोजिमका परीक्षा केन्द्रहरुबाट परीक्षा सञ्चालन गर्ने गरिन्छ ।

निजामती सेवातर्फ राजपत्रांकित प्रथम र द्वितीय श्रेणी तथा स्वास्थ्य सेवाका एघारौं र नवौं तहका पदहरुको परीक्षा काठमाडौंमा मात्र परीक्षा केन्द्र कायम गरी परीक्षा सञ्चालन गरिन्छ ।

राजपत्रांकित तृतीय श्रेणी र स्वास्थ्य सेवाका आठौं र सातौं तहका पदहरुको परीक्षा काठमाडौंमा सञ्चालन गरिनेछ तर सोही श्रेणीको नेपाल प्रशासन सेवाको एकीकृत परीक्षा र शिक्षा सेवा, शिक्षा प्रशासन समूह, निरीक्षण उपसमूहको लिखित परीक्षा क्षेत्रीय निर्देशनालयहरुबाट समेत सञ्चालन गरिन्छ भने प्रशासन सेवाको एकीकृत परीक्षाको प्रथम चरणको प्रारम्भिक परीक्षा आयोगका सबै अञ्चल कार्यालयहरुबाट सञ्चालन गरिन्छ ।

राजपत्र अनंकित प्रथम र द्वितीय श्रेणी र स्वास्थ्य सेवामा पाँचौं र चौथो तहका पदहरुको परीक्षा सम्बन्धित क्षेत्रीय निर्देशनालयहरु र अञ्चल कार्यालयहरुबाट निर्धारण गरिएका परीक्षा केन्द्रबाट सञ्चालन गरिन्छ । आयोगबाट हुने विज्ञापनमा उम्मेदवारहरुको पहुँचको सहजता एवं दुर्गम क्षेत्रमा बसोबास गर्ने नागरिकहरुबाट अत्याधिक दरखास्त पर्ने पदहरु समेतलाई मध्य नजर गरी आयोगको निर्णयानुसार पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा र सगरमाथा अञ्चल कार्यालय, दिक्तेलबाट हुने विज्ञापनका पदहरुमा सिरहाको लाहान, मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, काठमाडौं र नारायणी अञ्चल कार्यालय, हेटौंडाबाट हुने विज्ञापनका पदहरुमा पर्साको विरगञ्ज तथा मध्य-पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत र कर्णाली अञ्चल कार्यालय, जुम्लाबाट हुने विज्ञापनका पदहरुमा हुम्ला र डोल्पामा परीक्षा सञ्चालन हुने गरी परीक्षा केन्द्र कायम गरिएको छ ।

३) **सहयोगी लेखक भनेको के हो ? यो कस्तो अवस्थामा राख्न पाइन्छ ?**

निजामती सेवा/प्राय सरकारी सेवाहरुमा सबै वर्ग, लिङ्ग, क्षेत्र एवं शारिरीक अवस्थाका नागरिकहरुको समावेशी प्रतिनिधित्व होस भन्ने हेतुले विभिन्न वर्गहरुलाई खुलातर्फ हुने विज्ञापनमा प्रतिशतका आधारमा आरक्षणको व्यवस्था गरिएको छ । शारिरीक रुपले भिन्न क्षमता भएका अपाङ्गहरुले पनि उक्त परीक्षामा प्रतिष्पर्धा गर्ने र अपाङ्गताको प्रकृती फरक फरक (हात नहुने, शरिरको अङ्ग नचल्ने, आँखा नदेख्ने आदि) हुने तथा चोटपटकका कारणले छोटो समयका लागि हातले लेख्न नसक्ने भई उम्मेदवार स्वयमले लिखित परीक्षामा लेखेर उत्तर दिन नसक्ने भएमा त्यस्तो उम्मेदवारको भनाइको आधारमा उत्तर पुस्तिकामा लेखिदिनेलाई सहयोगी लेखक भनिन्छ ।

कुनै परीक्षार्थीले परीक्षामा आफै लेख्न नसक्ने भई सहयोगी लेखक आवश्यक पर्ने भएमा विशेष परिस्थिति परेको अवस्थामा बाहेक परीक्षा सुरु हुनु भन्दा दस दिन अगावै सहयोगी लेखक माग गरी लिखित परीक्षा सञ्चालन गर्ने कार्यालयमा लिखित निवेदन दिनु पर्दछ । यसरी लिखित निवेदन प्राप्त भएपछि सम्बन्धित पदको लागि तोकिएको शैक्षिक योग्यताभन्दा एक तह मुनिको शैक्षिक योग्यता हासिल गरेको व्यक्तिलाई सम्बन्धित कार्यालयले सहयोगी लेखक खटाउने गर्दछ तर एस.एल.सी. भन्दा मुनिको शैक्षिक योग्यता तोकिएको पदको हकमा समान योग्यता हासिल गरेको सहयोगी लेखक खटाउन सकिन्छ ।

४) **Master ID भनेको के हो ?**

आयोगद्वारा पदपूर्तिको लागि विज्ञापन भएमा आ.प्र., खुला तथा समावेशी पदहरुमा अनलाईन आवेदन गर्न सम्बन्धित उम्मेदवारले आफ्नो विवरणहरु भरी तयार गरेको प्रोफाइलको संकेत नम्बर नै सम्बन्धित उम्मेदवारको Master ID. हो । उम्मेदवार पिच्छे Profile अलग अलग रहने गरी Master ID Unique हुन्छ । यो Profile सधै एउटै रहन्छ र परिवर्तन हुँदैन । लोक सेवा आयोगको अनलाईन फाराम भर्ने क्रममा sign up गरेर त्यहाँ दिइएका विवरणहरु (नाम थर, ठेगाना, बुबा/आमा, पति/पत्निको नाम थर, नागरिकता नम्बर, जन्म मिति, शैक्षिक योग्यता, तालिम अनुभव) fill up गर्दै गएपछि अन्तिममा Preview भन्ने tab मा आफूले भरेका विवरणको संक्षिप्त विवरणको साथै माथि देब्रे साईडमा Master ID देखिन्छ । Master ID अङ्क मा उल्लेख भएको हुन्छ । यो उम्मेदवारको दरखास्त भर्ने प्रयोजनका लागि सदैव एउटै रहने ID हो ।

Master ID को माध्यमबाट उम्मेदवारले आफूले दरखास्त फारम भरेको विज्ञापनको दरखास्त दस्तुर बुझाउन, उम्मेदवारले आफ्नो User name अथवा Password बिर्सेको खण्डमा Master ID को सहायताबाट User name पत्ता लगाउनका साथै Password Reset गर्न, Master ID का साथै रोल नम्बर, विज्ञापन नम्बर र जन्म मिति राखी लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट भई अन्तर्वार्तामा सम्मिलित उम्मेदवारहरुले सम्बन्धित विज्ञापनको सिफारिश भएको मितिले ७ दिनपछि आफूले प्राप्त गरेको कूल प्राप्ताङ्क हेर्न सकिन्छ । यसर्थ आयोगबाट हुने पदपूर्ति सम्बन्धी कार्यहरुका लागि सम्बन्धित उम्मेदवारले आफ्नो User name, Password र Master ID लाई नबिर्सिने गरी सुरक्षित राख्नु पर्दछ ।

**५) लिखित परीक्षामा उत्तीर्ण नहुने उम्मेदवार पनि अस्थायी सूचीमा कसरी नाम निकालिन्छ ?**

उम्मेदवार छनौट सम्बन्धी सम्पूर्ण प्रक्रिया सम्पन्न भएपछि आयोगले सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको रोल नम्बर, नाम थर, ठेगाना, सिफारिश गरिएको निकाय आदि समेत उल्लेख गरी योग्यताक्रम अनुसार अन्तिम नतिजा प्रकाशन गर्नु पर्नेछ । यसरी नतिजा प्रकाशन गर्दा तोकिएको संख्यामा वैकल्पिक उम्मेदवारहरु र अन्तर्वार्ताबाट छनौट हुन नसकेका न्यूनतम उत्तीर्णाङ्क प्राप्त गरेका उम्मेदवार मध्येबाट अस्थायी उम्मेदवारको सूची प्रकाशन गर्दछ ।

खुला प्रतियोगितात्मक परीक्षातर्फ अन्तर्वार्तामा समावेश भएका तर वैकल्पिक उम्मेदवारको सूचिमा समावेश हुन नसकेका र लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट हुन नसकेका तर उत्तीर्णाङ्क प्राप्त गरेका उम्मेदवारहरु मध्येबाट योग्यताक्रमको आधारमा माग गरिएको पद संख्याको बीस प्रतिशतसम्म उम्मेदवारहरुको नाम अस्थायी सूची प्रयोजनका लागि समावेश गरिने व्यवस्था छ । तर अस्थायी नियुक्तिको प्रयोजनको लागि सूची प्रकाशन गर्दा प्रयोगात्मक परीक्षा हुने पदको हकमा त्यस्तो परीक्षामा उत्तीर्णाङ्क हासिल नगर्ने उम्मेदवारको नाम समावेश गरिने छैन । यसरी प्रकाशन भएको अस्थायी सूची सोही पदको अर्को विज्ञापनको नतिजा प्रकाशन नभए सम्म कायम रहनेछ ।

**६) लोक सेवा आयोगले पदपूर्तिको लागि विज्ञापन प्रकाशन गर्दा के-के कुरा खुलाउनु पर्दछ ?**

आयोगमा प्राप्त माग पदहरुको आधारमा पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्दा क्रमशः कार्यक्षमता मूल्याङ्कनको आधारमा हुने बढुवा, कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनको आधारमा हुने बढुवाको समायोजन, प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवा र खुलातर्फको छुट्टा-छुट्टै विज्ञापन नम्बर कायम गरिनेछ । खुला र समावेशी समूहको विज्ञापन प्रकाशन गर्दा खुलाको पहिलो र त्यसपछि समावेशी समूहको क्रमानुसार विज्ञापन नम्बर कायम गरिन्छ ।

आयोगले पदपूर्तिको लागि विज्ञापन प्रकाशन गर्दा रिक्त पदसंख्या, सेवा, समूह तथा उपसमूह, श्रेणी वा तह, आवश्यक न्यूनतम योग्यता, तालिम वा अनुभव आवश्यक पर्ने भएमा सो कुरा, दरखास्त दस्तुर, दरखास्त फाराम बुझाउने म्याद र स्थान, परीक्षा हुने मिति तथा परीक्षाको तरीका र माध्यम (भाषा) समेत खुलाई नेपालको विभिन्न भागमा प्रचार प्रसार हुन सक्ने गरी आयोगको बुलेटिन, राष्ट्रिय स्तरका दैनिक पत्रिका, आयोगको वेवसाइट तथा आवश्यकता अनुसार सञ्चारका अन्य माध्यम मार्फत विज्ञापन प्रकाशन गर्ने वा गराउने व्यवस्था छ ।

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिमको सार्वजनिक निकायहरुले गर्नुपर्ने अग्रसक्रिय खुलासा (Proactive Disclosure) सम्बन्धी सार्वजनिक गरिएको विवरण :**

| क्र.सं. | विवरण | व्यवस्था |
|---|---|---|
| १. | निकायको स्वरुप र प्रकृति | संवैधानिक निकाय |
| २. | निकायको काम, कर्तव्य र अधिकार | नेपालको संविधानको धारा २४३ मा व्यवस्था भए बमोजिम । |
| ३. | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण | विभिन्न पदका ४०२ जना (राजपत्रांकित श्रेणीतर्फ १३८, राजपत्र अनंकित श्रेणीतर्फ १७९ र श्रेणी विहीनतर्फ ८४), (कार्य विवरण धेरै पदको रहेकोले कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ ।) |
| ४. | निकायबाट प्रदान गरिने सेवा | माग तथा पदपूर्ति निरीक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन/सूचना प्रकाशन, परीक्षा सञ्चालन, अन्तर्वार्ता, छनौट तथा सिफारिश, संविधान तथा ऐन, नियममा उल्लेखित विषयहरु (नियुक्ति, बढुवा, विभागीय कारवाही, सामान्य सिद्धान्त, सेवा शर्त) मा परामर्श माग भई आएमा परामर्श प्रदान, बढुवा, उजुरी उपर टुंगो लगाउने आदि । |
| ५. | सेवा प्रदान गर्ने निकायको महाशाखा/शाखा र जिम्मेवार अधिकारी | |

| क्र. सं. | महाशाखा र महाशाखा प्रमुखको नाम | शाखाहरुको नाम | शाखा प्रमुखहरुको नाम (उपसचिव) |
|---|---|---|---|
| १ | प्रशासन तथा निरीक्षण महाशाखा सहसचिव श्री लक्ष्मीविलास कोइराला | क) सूचना तथा प्रकाशन शाखा | श्री गीताकुमारी होमेगाई |
| | | ख) प्रशासन शाखा | श्री सूर्यप्रसाद सापकोटा |
| | | ग) आर्थिक प्रशासन शाखा | श्री दिपक लामिछाने |
| | | घ) योजना तथा निरीक्षण शाखा | श्री कुशला पौडेल |
| | | ङ) सूचना सञ्चार प्रविधि शाखा | श्री रमेश शर्मा पौडेल |
| २ | अन्तर्वार्ता तथा सिफारिश महाशाखा सहसचिव श्री किरणराज शर्मा | क) प्रश्नपत्र परिमार्जन शाखा (प्राविधिक) | श्री चुरामणि मरासिनी |
| | | ख) प्रश्नपत्र परिमार्जन शाखा (अप्राविधिक) | |
| | | ग) अन्तर्वार्ता तथा सिफारिश शाखा | श्री ज्ञानेश्वर भट्टराई |
| | | घ) प्रश्नपत्र परिमार्जन शाखा (सुरक्षा निकाय तथा संगठित संस्था) | श्री राजन राई |
| ३ | परीक्षा महाशाखा सहसचिव श्री शंकरप्रसाद पौडेल | क) परीक्षा सञ्चालन शाखा (प्राविधिक) | श्री समुन्द्रराज रेग्मी |
| | | ख) परीक्षा सञ्चालन शाखा (अप्राविधिक) | श्री सन्तोषप्रसाद दाहाल |
| | | ग) लिखित परीक्षा नतिजा तयारी शाखा (प्राविधिक) | श्री रेणु श्रेष्ठ |
| | | घ) लिखित परीक्षा नतिजा तयारी शाखा (अप्राविधिक) | श्री जगन्नाथ बराल |
| | | ङ) लिखित परीक्षा नतिजा प्रकाशन शाखा | श्री रमेश मैनाली |
| ४ | परीक्षण प्रविधि, अनुसन्धान तथा पाठ्यक्रम महाशाखा मुख्य मनोविज्ञानवेत्ता डा. खगेन्द्रप्रसाद सुवेदी | क) परीक्षण प्रविधि शाखा | श्री सर्मुनलाल शाक्य |
| | | ख) पाठ्यक्रम तथा मूल्याङ्कन शाखा | श्री कृष्ण जि.सी. |
| | | ग) अनुसन्धान तथा विकास शाखा | श्री नवराज लम्साल |
| ५ | कानून महाशाखा सहसचिव श्री पाराश्वर ढुंगाना | क) नीति नियम तथा अभिलेख शाखा | श्री केशव शर्मा |
| | | ख) उजुरी तथा विभागीय सजाय परामर्श शाखा | श्री टंकबहादुर महत |
| ६ | सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा सहसचिव श्री झक्कप्रसाद आचार्य | क) लिखित परीक्षा सञ्चालन शाखा | श्री नारायणप्रसाद ज्ञवाली |
| | | ख) लिखित परीक्षा नतिजा तयारी शाखा | श्री ईश्वरीप्रसाद अर्याल |
| | | ग) लिखित परीक्षा नतिजा प्रकाशन शाखा | श्री तेजप्रसाद दाहाल |

| | | |
|---|---|---|
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | कामको प्रकृति अनुसार फरक फरक हुने । आयोगको नागरिक वडापत्रमा उल्लेख गरिएको । |
| ७. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | छलफल, कार्यदल, टिप्पणी, प्रस्ताव । (नागरिक वडापत्रमा उल्लेख गरिएको) |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | अधिकार प्रत्यायोजन अनुसार सहसचिवहरु, सचिव, आयोगका माननीय सदस्यहरु, माननीय अध्यक्ष, सम्बन्धित अदालतहरु । |
| ९. | सम्पादन गरेको कामको विवरण | माग तथा पदपूर्तिको निरीक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन, सूचना प्रकाशन, पाठ्यक्रम निर्धारण, शैक्षिक योग्यता निर्धारणमा सहयोग, परीक्षा सञ्चालन, उपयुक्त उमेदवारको छनौट तथा सिफारिश, बढुवा उजुरीको सुनुवाई, पदपूर्ति सम्बन्धी सामान्य सिद्धान्तहरुको निर्माण, विभागीय कारवाही लगायत विषयमा परामर्श माग भई आएमा परामर्श प्रदान आदि । |
| १०. | प्रमुख सूचना अधिकारीको नाम र थर | प्रमुख माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनाली<br>सचिव श्री मधु प्रसाद रेग्मी<br>सूचना अधिकारी - उपसचिव श्री गिताकुमारी होमेगाई |
| ११. | आयोगले आफ्नो कार्यसम्पादनका क्रममा आधार लिने गरेका ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | – नेपालको संविधान<br>– लोक सेवा आयोग ऐन, २०६६ तथा लोक सेवा आयोग नियमावली, २०६७<br>– निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०<br>– नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्वास्थ्य सेवा नियमावली, २०५५<br>– व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ तथा व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५<br>– विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरु<br>– सुरक्षा निकायहरु (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग) तथा संगठित संस्थाहरु सम्बन्धी ऐन, नियमावलीहरु<br>– लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०६७<br>– लोक सेवा आयोगको कार्य पद्धति दिग्दर्शन, २०७०<br>– लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरुको आचार संहिता, २०६९<br>– लोक सेवा आयोगबाट जारी विभिन्न निर्देशिका तथा लोक सेवा आयोगका समय-समयका निर्णयहरु<br>– सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु<br>– लोक सेवा आयोगबाट प्रतिपादित सिद्धान्तहरु<br>– अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरु |
| १२. | आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | आर्थिक प्रशासन सम्बन्धी विवरण सम्बन्धित शाखाबाट मासिक रुपमा आयोगको सूचना पाटीमा सार्वजनिक गर्ने गरेको |
| १३. | तोकिए बमोजिम अन्य विवरण | |
| (क) | अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण | Information and Communication Technology Development Project सन् २०१३ देखि एशियाली विकास बैंकको सहयोगमा सञ्चालन भइरहेको, आयोगका कामकारवाहीलाई Public Service Recruitment Management System (PSRMS) विकास गरी आयोगका कार्यहरु Automation मा लैजाने एवं आयोगबाट हुने विज्ञापनहरुमा Online आवेदन लिने प्रमुख उद्देश्य रहेको, हाल अनलाइन आवेदनका कार्यहरु कार्यान्वयनमा रहेको । |
| (ख) | सार्वजनिक निकायको वेवसाइट भए सो को विवरण | Website: www.psc.gov.np<br>Email: info@psc.gov.np |
| (ग) | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण | आयोगको वेवसाइट www.psc.gov.np, हरेक बुधबार गोरखापत्रमा नियमित रुपमा (आवश्यकता अनुसार अन्य बारहरुमा पनि) आयोगबाट प्रकाशन हुने बुलेटिन (सूचनापत्र), रेडियो नेपाल (प्रत्येक बुधबार राती ९:०० बजेको समाचारपछि) मा प्रकाशन तथा प्रशारण हुने । |

## लोक सेवा आयोग अन्तर्गत निकायहरुका सूचना अधिकारीहरुको विवरण

| क्र.सं. | निकायहरुको नाम | सूचना अधिकारीको पद, नाम र थर | कार्यालयको सम्पर्क नं. |
|---|---|---|---|
| १. | पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा | शाखा अधिकृत, श्री पुष्पराज पाण्डे | ०२६-५२०१३०, ९८४७१९४३१३ |
| २. | मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, काठमाडौं | शाखा अधिकृत, श्री गोविन्द कुँवर | ०१-४११५८३३, ९८४१८८९५४८ |
| ३. | पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा | उपसचिव, श्री सरिताकुमारी खतिवडा | ०६१-४६३१४५, ९८४१७७५८६७ |
| ४. | मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत | शाखा अधिकृत, श्री भरत खनाल | ०८३-५२०१०६, ९८४८०७५५५६ |
| ५. | सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायल | शाखा अधिकृत, श्री हरिबहादुर चन्द | ०९४-४४०१४७, ९८४८७४७३६३ |
| ६. | मेची अञ्चल कार्यालय, इलाम | शाखा अधिकृत, श्री जनार्दन कट्टेल | ०२७-५२००६२, ९८४१६९६६१४ |
| ७. | सगरमाथा अञ्चल कार्यालय, दिक्तेल | नायव सुब्बा, श्री शम्भु कुमार खड्का | ०३६-४२०१७७, ९८४२९३४१९२ |
| ८. | जनकपुर अञ्चल कार्यालय, जलेश्वर | शाखा अधिकृत, श्री दिनेश कुमार साह | ०४४-५२०१४७, ९८४४०३७३८० |
| ९. | नारायणी अञ्चल कार्यालय, हेटौंडा | शाखा अधिकृत, श्री श्यामसुन्दर श्रेष्ठ | ०५७-५२०३०२, ९८४५०३२०९२ |
| १०. | लुम्बिनी अञ्चल कार्यालय, बुटवल | शाखा अधिकृत, श्री नारायणप्रसाद आचार्य | ०७१-५४०२०७, ९८५११६२६६३ |
| ११. | धवलागिरी अञ्चल कार्यालय, बाग्लुङ | शाखा अधिकृत, विन्दुदेवी शर्मा | ०६८-५२२६४७, ९८५७६३३४३३ |
| १२. | राप्ती अञ्चल कार्यालय, दाङ | शाखा अधिकृत, श्री कृष्णप्रसाद आचार्य | ०८२-५२००१३, ९८४७८५४३८८ |
| १३. | कर्णाली अञ्चल कार्यालय, जुम्ला | शाखा अधिकृत, श्री ओमकुमार श्रेष्ठ | ०८७-५२०००८, ९८४१८३९१८७ |
| १४. | महाकाली अञ्चल कार्यालय, कञ्चनपुर | शाखा अधिकृत, श्री खगेन्द्रप्रसाद भट्ट | ०९९-५२१२०९, ९८४९५०७८९१ |
| १५. | दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर | शाखा अधिकृत, श्री नारायणप्रसाद गौतम | ०१-४७७१२१४, ९८४७०४५१८२ |

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ बमोजिम आयोग र मातहतका निकायहरुबाट सूचना माग र फछ्र्यौट सम्बन्धी विवरण

| क्र.सं. | सूचना माग कर्ताको नाम र ठेगाना | माग भएको सूचनाको विवरण | सूचना माग भएको मिति | फछ्र्यौटको विवरण |
|---|---|---|---|---|
| १. | श्री गौलोचन सैजु<br>उपसचिव<br>भूमिसुधार तथा व्यवस्था मन्त्रालय | आयोगको बढुवा सूचना नम्वरहरु १५/०७३-७४ र ७१/०७३-७४ मा बढुवातर्फ रा.प.प्रथम श्रेणीका दरखास्त दिने उम्मेदवारहरुको नामावली सहित बढुवा समिति सचिवालयमा पठाइएको पत्रको प्रतिलिपी माग गरेको। | २०७३/१०/२० | निवेदकको माग बमोजिमको विवरण सहितको पत्रहरुको प्रतिलिपी संलग्न गरी उपलब्ध गराइएको। |
| २ | श्री सागर पण्डित,<br>पत्रकार<br>नयाँपत्रिका/संघीय प्रशासन | आयोगका अध्यक्ष तथा सदस्यहरुको तलब, सुविधा र हालसम्म बुझेको भत्ता विवरण माग गरेको । | २०७३/१०/२१ | आयोगका अध्यक्ष तथा सदस्यहरुको पारिश्रमीक सुविधाको जानकारी पत्रमार्फत गराइएको। |
| ३. | श्री प्रविन थापा<br>र<br>श्री शोभाकान्त द्विवेदी | नेपाली सेना तर्फको अधिकृत क्याडेट पदमा दिएको परीक्षामा अनुत्तिर्ण भएकाले सो उत्तरपुस्तिकाको प्राप्ताङ्क सहित प्रतिलिपी माग गरेको। | २०७३/१२/०७ | लोक सेवा आयोग ऐन र नियमावलीमा भएको व्यवस्था अनुसार माग बमोजिमको कागजात उपलब्ध गराउन नसकिने जानकारी निवेदकलाई उपलब्ध गराईएको। |

# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय, अनामनगर

## सूचना तथा प्रकाशन शाखा

### आ.व. २०७३/७४ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका -१

### (निजामती सेवातर्फ राजपत्रांकित तथा राजपत्र अनंकित विभिन्न श्रेणी/तहका पदहरु)

| क्र.सं. | श्रेणी/तह | पदपूर्तिको किसिम | प्रतिशत निर्धारण | विज्ञापन/सूचना प्रकाशन | परीक्षा सञ्चालन | लि.प.नतिजा | अन्तर्वार्ता र सिफारिश |
|---|---|---|---|---|---|---|---|
| १. | राजपत्रांकित विशिष्ट श्रेणी | बढुवा | आवश्यकता अनुसार | - | - | - | - |
| २. | विभिन्न सेवाका राजपत्रांकित प्रथम श्रेणीका प्राविधिक र अप्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधबार | मंसीर | पुष/माघ | माघ/फागुन |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ३. | विभिन्न सेवाका राजपत्रांकित द्वितीय श्रेणीका प्राविधिक र अप्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधबार | पुस/माघ | फागुन/चैत | चैत/वैशाख |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ४. | स्वास्थ्य सेवाका एघारौं र नवौं तहका पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधबार | पुस/माघ | फागुन/चैत | चैत/वैशाख |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| ५. | विभिन्न सेवाका राजपत्रांकित तृतीय श्रेणीका प्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| | | आन्तरिक प्रतियोगिताद्वारा* | | | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ६. | स्वास्थ्य सेवाका आठौं तहका पदहरु | खुला प्रतियोगिताद्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| ७. | स्वास्थ्य सेवाका सातौं तहका पदहरु | खुला र आ.प्र.द्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| | | कार्यसम्पादन तथा अनुभवको मूल्यांकनबाट हुने समायोजनद्वारा | | | | | |
| ८. | विभिन्न सेवाका राजपत्रांकित तृतीय श्रेणीका अप्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा – प्रथम चरण | कार्तिक/मंसीर | मंसीर अन्तिम बुधबार | माघ | फागुन | |
| | | खुला प्रतियोगिताद्वारा – द्वितीय चरण | | | चैत्र | जेठ | असार |
| | | आन्तरिक प्रतियोगिताद्वारा* | | | चैत्र | जेठ | असार |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ९. | विभिन्न सेवाका राजपत्र अनंकित प्रथम श्रेणीका अप्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा – प्रथम चरण | मंसीर/पुस | पुस अन्तिम बुधबार | फागुन | चैत | |
| | | खुला प्रतियोगिताद्वारा – द्वितीय चरण | | | वैशाख | साउन/भदौ | भदौ/असोज |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| १०. | विभिन्न सेवाका राजपत्र अनंकित प्रथम श्रेणीका प्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा | पुस /माघ | माघ अन्तिम बुधबार | बैशाख | जेठ | असार |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ११. | स्वास्थ्य सेवाका पाँचौं तहका पदहरु | खुला र आ.प्र.द्वारा | पुस/माघ | माघ अन्तिम बुधबार | बैशाख | जेठ | असार |
| | | कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने समायोजनद्वारा | | | | | |
| १२. | विभिन्न सेवाका राजपत्र अनंकित द्वितीय श्रेणीका अप्राविधिक पदहरु | आ.प्र. | माघ/फागुन | फागुन अन्तिम बुधबार | असार | भदौ/असोज | असोज/कार्तिक |
| | | खुला – प्रथम चरण | | | वैशाख | असार | |
| | | खुला – द्वितीय चरण | | | असार | भदौ/असोज | असोज/कार्तिक |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| १३. | विभिन्न सेवाका राजपत्र अनंकित द्वितीय श्रेणीका प्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | फागुन/चैत्र | चैत्र अन्तिम बुधबार | जेठ | असार | साउन |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| १४. | स्वास्थ्य सेवाका चौथो तहका पदहरु | खुला प्रतियोगिताद्वारा | फागुन/चैत्र | चैत्र अन्तिम बुधबार | जेठ | असार | साउन |
| १५. | टाइपिष्ट | आ.प्र. द्वारा बढुवा | | साउन अन्तिम बुधबार | असोज | असोज/कार्तिक | असोज/कार्तिक |
| १६. | विविध | आवश्यकताअनुसार | | | | | |

* व्यवस्थापिका संसद सेवाको लागि मात्र ।

# आ.व. २०७३/७४ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका –२

## (सुरक्षा निकायहरु तथा अन्य सरकारी सेवा/संगठित संस्थाहरु तर्फका विभिन्न श्रेणी/तहका पदहरु)

| क्र. सं. | निकाय | श्रेणी/तह | पदपूर्तिको किसिम | प्रतिशत निर्धारण | विज्ञापन/सूचना प्रकाशन | आई. क्यू परीक्षा/नतिजा | लिखित/प्रयोगात्मक परीक्षा सञ्चालन | लि.प./प्रयोगात्मक नतिजा | सम्बन्धित संस्थाबाट अन्तर्वार्ता र सिफारिश गर्ने गरी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | **नेपाली सेना** | | | | | | | | |
| क | अधिकृत क्याडेट | | खुला तथा समावेशी | आवश्यकता अनुसार | भदौ/असोज | असोज/कार्तिक | असोज/कार्तिक | मंसिर | माघ/फागुन |
| ख | पदिक/हुद्दा अधिकृत क्याडेट | | आन्तरिक प्रतिस्पर्धात्मक | आवश्यकता अनुसार | चैत्र/वैशाख | जेठ | जेठ | जेठ | असार |
| ग | प्राविधिक/प्राड/लेखा अधिकृत एम.बि.बि.एस./डेन्टल डाक्टर, फर्मासिष्ट, सैनिक उपचारिका, डाईटिसियन, भेटेरिनरी डाक्टर, सिभिल इन्जिनियर, मेकानिकल इन्जिनियर, इलेक्ट्रोनिक्स इन्जिनियर, इलेक्ट्रिकल इन्जिनियर, केमिकल इन्जिनियर, केमिष्ट, टेक्सटायल इन्जिनियर, सर्भे अधिकृत, कम्प्युटर इन्जिनियर, पाईलट अधिकृत, एरोनोटिकल इन्जिनियर, एयरक्राफ्ट रेडियो मेन्टिनेन्स इन्जिनियर, एभियोनिक्स इन्जिनियर, बायो मेडिकल इन्जियिनर, अर्थोटिक्स एण्ड प्राथोडिक्स इन्जिनियर, प्राड अधिकृत, लेखा अधिकृत आदि) | | खुला तथा समावेशी | आवश्यकता अनुसार | साउन/भदौ | - | असोज/कार्तिक | असोज/कार्तिक | कार्तिक/मंसिर |
| घ | प्राविधिक/प्राड/लेखा अधिकृत (सर्भे अधिकृत, सिष्टम इञ्जिनियर, फोटोग्राफी, मेकानिकल तथा इलेक्ट्रोनिक्स, रेडियो, भेहिकल्स, आर्मोरर, ईन्स्टुमेण्ट र अर्मामेण्ट, छापाखाना, क्याभलरी, सिभिल इञ्जिनियर, वीरेन्द्र अस्पताल र त्रिचन्द्र मिलिटरी अस्पतालका विभिन्न ट्रेड, संभार समूह, पाईनियर, पाईपर, ड्रमर्स, बिगुलर, म्युजिक, व्याण्ड माष्टर आदि) | | आन्तरिक प्रतिस्पर्धात्मक | आवश्यकता अनुसार | कार्तिक/मंसिर | - | पुस/माघ | पुस/माघ | माघ/फागुन |
| ङ | प्राविधिक/प्राड/पदिक (ओभरसियर, ड्राफ्ट मेन, सैनिक उपचारीका, कम्प्युटर, टेलिभिजन कार्यक्रम उत्पादन/छायांकन, भेटेरिनरी, रेडियो आरमोरर, भेहिकल्स, प्राड जम. आदि) | | खुला तथा समावेशी/आन्तरिक प्रतिस्पर्धात्मक | आवश्यकता अनुसार | पुस/माघ | - | फागुन/चैत्र | फागुन/चैत्र | चैत्र/वैशाख |
| च | प्राविधिक बिल्लादार (मेडिकल, ड्राफ्टमेन, कम्प्युटर, जनरल मेकानिक्स, इलेट्रिसियन, प्लम्बर, सर्भे, बृक्लियर (डकर्मी), बज्रकर्मी, आरमेरर, फोटोग्राफी, छापाखाना, क्याभलरी, टेलिभिजन कार्यक्रम उत्पादन/छायांकन, भेटेरीनरी, प्याराच्यूट फोल्डर, एभिएसन स्टोर एम्युनिशन टेक्निसियन, असवाव, व्याण्ड, वेल्डर, पेन्टर, भेहिकल मेकानिक्स आदि) | | खुला तथा समावेशी/आन्तरिक प्रतिस्पर्धात्मक | आवश्यकता अनुसार | माघ/फागुन | - | चैत्र/वैशाख | चैत्र/वैशाख | जेठ/असार |
| छ | लेखा जम.क./अ.क./सैन्य/सैन्य ड्राईभर/फलोअर्स पहिलो चरण | | खुला तथा समावेशी/आन्तरिक प्रतिस्पर्धात्मक | आवश्यकता अनुसार | कार्तिक/मंसिर | - | पुस/माघ | पुस/माघ | माघ/फागुन |
| ज | लेखा जम.क./अ.क./सैन्य/सैन्य ड्राईभर/फलोअर्स दोस्रो चरण | | खुला तथा समावेशी/आन्तरिक प्रतिस्पर्धात्मक | आवश्यकता अनुसार | फागुन/चैत्र | - | वैशाख/जेठ | जेठ/असार | जेठ/असार |
| २ | **नेपाल प्रहरी** | | | | | | | | |
| क | प्राविधिक प्रहरी निरीक्षक/प्रहरी सहायक निरीक्षक | रा.प./रा.प.अनं. | खुला तथा समावेशी | | जेठ | - | साउन | असोज | असोज/कार्तिक |
| ख | प्रहरी निरीक्षक | रा.प. | खुला तथा समावेशी | | असार | - | भदौ/असोज | कार्तिक | कार्तिक/मंसिर |
| ग | प्रहरी सहायक निरीक्षक | रा.प.अनं. | खुला तथा समावेशी | आवश्यकता अनुसार | साउन | - | कार्तिक | मंसिर | मंसिर/पुस |
| घ | प्रहरी सहायक निरीक्षक | रा.प.अनं. | खुला तथा समावेशी | | माघ | - | बैशाख | जेठ | जेठ/असार |
| ङ | प्रहरी जवान | | खुला तथा समावेशी | | असार | - | भदौ | असोज | कार्तिक/मंसिर |
| च | प्रहरी जवान | | खुला तथा समावेशी | | पुस | - | फागुन | चैत्र | वैशाख/जेठ |
| छ | प्रहरी कार्यालय सहयोगी | | खुला तथा समावेशी | | कार्तिक | - | कार्तिक | मंसिर | मंसिर |
| ३ | **सशस्त्र प्रहरी बल नेपाल** | | | | | | | | |
| क | सशस्त्र प्रहरी निरीक्षक/प्रहरी नायव निरीक्षक/ प्रहरी सहायक निरीक्षक (अप्रा./प्रा.) | रा.प./ रा.प अनं. | खुला तथा समावेशी | साउन | भदौ | - | कार्तिक/ मंसिर | पुस/माघ | फागुन/चैत्र |
| ख | सशस्त्र प्रहरी हवल्दार, जवान, परीचर | | खुला तथा समावेशी | भदौ | असोज | - | मंसिर | माघ | फागुन/चैत्र |
| ४ | **राष्ट्रिय अनुसन्धान विभाग** | | | | | | | | |
| क | अनुसन्धान अधिकृत | रा.प.तृतीय | खुला तथा समावेशी | मंसिर/पुस | माघ | | चैत्र | जेठ | जेठ/असार |
| ख | अनुसन्धान सहायक | रा.प.अनं. द्वितीय | खुला तथा समावेशी | मंसिर/पुस | माघ | | चैत्र | जेठ | जेठ/असार |
| ५ | **पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैंक, समिति वा संघीय कानून बमोजिम स्थापित वा नेपाल सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, वोर्ड, केन्द्र, परिषद र अन्य संगठित संस्थाहरु** | | | | | | | | |
| क | अधिकृत/सहायक स्तर | | आन्तरिक प्रतिस्पर्धात्मक/खुला तथा समावेशी | साउन/भदौ | साउन/भदौ/असोज | - | कार्तिक-माघ | फागुन-चैत्र | चैत्र-असार |